# राष्ट्र उत्थान लघुवित्त वित्तीय संस्था लि.

## Rastra Utthan Laghubitta Bittiya Sanstha Ltd.

(नेपाल राष्ट्र बैंकबाट ईजाजतपत्र प्राप्त "घ" वर्गको राष्ट्रिय स्तरको लघुवित्त वित्तीय संस्था)

# वार्षिक प्रतिवेदन

## आ.व. २०७७/७८

## तेस्रो वार्षिक साधारण सभा

केन्द्रीय कार्यालयः

साांगा, बनेपा न.पा.-१३, काभ्रेपलान्चोक

www.rulbsl.com

# राष्ट्र उत्थान लघुवित्त वित्तीय संस्था लि.

## सञ्चालक समिति



**श्री प्रल्हाद मान माली**
अध्यक्ष तथा स्वतन्त्र सञ्चालक



**श्री चिरञ्जीवी वि.सी.**
सञ्चालक
प्रतिनिधि, प्रभु बैंक लि.



**श्रीमती रीता सापकोटा पौडेल**
सञ्चालक
संस्थापक शेयरधनी



**श्री प्रदिप कुमार तिमिलसिना**
सञ्चालक
प्रतिनिधि, नेपाल ग्रामीण विकास संस्था



**श्री विमल डंगोल**
सञ्चालक
प्रतिनिधि, राष्ट्रिय वाणिज्य बैंक लि.



**श्री जगन्नाथ कुइंकेल**
कम्पनी सचिव

# राष्ट्र उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड

**सांगा, बनेपा न.पा.-१३, काभ्रेपलान्चोक**

# वार्षिक प्रतिवेदन

**आ.व. २०७७/७८**

**तेस्रो वार्षिक साधारण सभा**

**२०७८ पौष १५**

# विषय सूची


| क.सं. | | पृष्ठ |
|---|---|---|
| १ | तेस्रो वार्षिक साधारणसभा बस्ने सम्बन्धी सूचना | १ |
| २ | प्रतिनिधि (प्रोक्सी) फारम | ३ |
| ३ | संचालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा प्रस्तुत प्रतिवेदन | ५ |
| ४ | कम्पनी ऐन, २०६३ को दफा १०९ उपदफा (४) सँग सम्बन्धित थप विवरण | १० |
| ५ | विगत ३ वर्षको संस्थाको प्रगतिको तुलनात्मक विवरण | १३ |
| ६ | स्वतन्त्र लेखापरीक्षकको प्रतिवेदन | १४ |
| ७ | वित्तीय विवरणहरू | |
| | ७.१ वासलात | १६ |
| | ७.२ नाफा नोक्सान हिसाब | १७ |
| | ७.३ नाफा नोक्सान बाँडफाँड हिसाब | १८ |
| | ७.४ ईक्वीटीमा भएको परिवर्तन सम्बन्धी विवरण | १९ |
| | ७.५ नगद प्रवाह विवरण | २० |
| | ७.६ वित्तीय विवरणहरूसँग सम्बन्धी अनुसूचीहरू | २१ |
| | ७.७ प्रमुख लेखा नीतिहरू | ३८ |
| | ७.८ लेखा सम्बन्धी टिप्पणीहरू | ४१ |
| ८ | संस्थाको वित्तीय विवरण प्रकाशन गर्न नेपाल राष्ट्र बैंकको स्वीकृति पत्र र सोमा संस्थाको जवाफ | ४८ |
| ९ | तालिम कार्यक्रमका केही झलकहरू | ५१ |
| १० | महत्वपूर्ण टिपोटहरू | ५२ |


-- ००० --

# राष्ट्र उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड

सांगा, बनेपा न.पा.-१३, काभ्रेपलान्चोक

## तेस्रो वार्षिक साधारण सभाको सूचना

**(प्रथम पटक मिति २०७८/०८/२१ को आर्थिक दैनिकमा प्रकाशित)**

श्री आदरणीय शेयरधनी महानुभावहरू,

यस राष्ट्र उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेडको मिति २०७८/८/१९ गतेको सञ्चालक समितिको ५८ औं बैठकको निर्णयानुसार यस वित्तीय संस्थाको तेस्रो वार्षिक साधारण सभा देहायका विषयमा छलफल गर्न निम्न लिखित मिति, स्थान र समयमा बस्ने भएकोले कम्पनी ऐन २०६३ को दफा ६७ (२) अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरूलाई जानकारी तथा उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ । साधारण सभा सम्वन्धी सम्पूर्ण विवरण शेयरधनी महानुभावहरूलाई समयमै पठाइनेछ । कुनै व्यहोराले प्राप्त नभएमा वा हुन नसकेमा यसै सूचनालाई आधार मानी सभामा उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछौं ।

सभा हुने मिति, स्थान र समय

मिति : २०७८/९/१५ गते बिहीबार (तद्अनुसार ३० डिसेम्बर, २०२१)

स्थान : वित्तीय संस्थाको केन्द्रीय कार्यालय, सांगा, बनेपा न.पा.-१३, काभ्रेपलान्चोक

समय : अपरान्ह १:०० वजे ।

**छलफलका विषयहरू:**

**(क) साधारण प्रस्तावहरू:**

१) सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले पेश गर्नुहुने आ.व.२०७७/०७८ को वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने ।

२) लेखापरीक्षकको प्रतिवेदन सहितको २०७८ आषाढ मसान्तको वासलात तथा आ.व. २०७७/०७८ को नाफा नोक्सान हिसाव र सोही अवधिको नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरू (अनुसूचीहरू समेत) छलफल गरी पारित गर्ने ।

३) बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ६३ तथा कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम आ.व.२०७८/०७९ को लेखापरीक्षण कार्यको लागि लेखापरीक्षण समितिको सिफारिस बमोजिम लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

**(ख) विशेष प्रस्ताव:**

गाभ्ने/गाभिने (Merger) प्राप्ति गर्ने (Acquisition) सम्बन्धमा संचालक समितिलाई निम्नानुसारको अख्तियारी दिने ।

१) राष्ट्र उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड र अन्य ईजाजतपत्र प्राप्त “घ” वर्गका लघुवित्त वित्तीय संस्था एक आपसमा गाभ्ने/गाभिने (Merger) तथा राष्ट्र उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेडले अन्य वित्तीय संस्था प्राप्ति गर्ने (Acquisition) सम्बन्धमा उपयुक्त लघुवित्त वित्तीय संस्थाको खोजी गर्न, उपयुक्त लागेको वित्तीय संस्थासंग मर्जर तथा प्राप्ति सम्बन्धी सहमति पत्र (Memorandum of Understanding) तयार गरी हस्ताक्षर गर्ने ।

२) सम्पूर्ण चल अचल सम्पत्ति तथा दायित्व मूल्यांकन (Due Diligence Audit) गर्ने मूल्यांकनकर्ता/लेखापरीक्षक नियुक्त गर्न, निजको पारिश्रमिक तोक्ने ।

३) गाभ्ने/गाभिने (Merger) वा प्राप्ति (Acquisition) गर्ने सम्बन्धमा नियमनकारी निकायहरूसंग सहमति लिने ।

४) कुनै लघुवित्त वित्तीय संस्थाको कुनै शाखा वा केन्द्र खरिद/प्राप्ति गर्ने तथा यस संस्थाको कुनै शाखा वा केन्द्र अन्य लघुवित्त वित्तीय संस्थाहरूलाई विक्री गर्ने सम्बन्धमा आवश्यक संपूर्ण कार्य गर्ने ।

५) गाभ्ने/गाभिने वा प्राप्ति गर्ने सम्बन्धी कार्यको लागि प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्नुपर्ने भएमा सो समेत गर्ने । साथै, माथि उल्लेखित प्रकृया अवलम्बन गर्दा नियमनकारी निकायले फेरबदल गर्न सुझाव वा निर्देशन दिएमा सो अनुरुप प्रचलित कानूनको अधिनमा रही यस वित्तीय संस्थाको प्रवन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन/परिमार्जन गर्न सञ्चालक समितिलाई पूर्ण अधिकार प्रत्यायोजन गर्ने ।

**(ग) विविध ।**

पुनश्चः अन्य थप जानकारीको लागि संस्थाको वेव साईट www.rulbsl.com.np मा हेर्नु हुन वा संस्थाको केन्द्रीय कार्यालयमा सम्पर्क राख्नु हुन अनुरोध छ ।

**तेस्रो साधारण सभा सम्बन्धी जानकारी :**

१. साधारण सभामा उपस्थित हुनुहुने शेयरधनी महानुभावहरूले अनिवार्य रुपमा आ-आफ्नो परिचय खुल्ने फोटो सहितको कुनै पनि परिचय पत्र अनिवार्य लिई आउनु पर्नेछ ।

२. साधारण सभामा भाग लिनु हुने प्रत्येक शेयर धनी महानुभावहरूले सभा हुने स्थानमा उपस्थित भई त्यहां रहेको हाजिरी पुस्तिकामा दस्तखत गरी आफ्नो हाजिरी जनाउनु पर्नेछ र हाजिरी पुस्तिका दिनको ११:०० वजे देखि साधारण सभा सम्पन्न नभएसमम खुल्ला रहनेछ

३. साधारण सभामा भाग लिन नसक्ने र प्रतिनिधि नियुक्त गर्न चाहने शेयरधनी महानुभावहरूले रितपुर्वक तोकिए बमोजिमको प्रोक्सी फाराम भरी सभा हुनु भन्दा ४८ घण्टा अगावै यस वित्तीय संस्थाको केन्द्रीय कार्यालय साँगा, काभ्रेमा दर्ता गराउनु पर्नेछ र प्रतिनिधि यस संस्थाको शेयरधनी हुनु पर्नेछ ।

४. अन्य जानकारीका लागि वित्तीय संस्थाको केन्द्रीय कार्यालय साँगा, काभ्रेपलाञ्चोक अवस्थित केन्द्रीय कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्नुहुन अनुरोध गर्दछौं ।

# प्रतिनिधि (प्रोक्सी) फारम

श्री संचालक समिति
राष्ट्र उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड
केन्द्रीय कार्यालय
साँगा, बनेपा न.पा.-१३, काभ्रेपलान्चोक ।

विषयः **प्रतिनिधि (Proxy) नियूक्त गरेको बारे ।**

महाशय,

.......................................... जिल्ला ......................................म.न.पा. / उ.म.न.पा. / न.पा. / गा.पा. वडा नं. ........ बस्ने म ......................................................................... ले त्यस कम्पनीको शेयरधनीको हैसियतले मिति २०७८/९/१५ का दिन हुने तेस्रो साधारण सभामा स्वयं उपस्थित भई छलफल तथा निर्णयमा सहभागी हुन नसक्ने भएकोले उक्त सभामा भाग लिन तथा मतदान गर्नको लागि ................................ जिल्ला ................................ म.न.पा. / उ.म.न.पा. / न.पा. / गा.पा. वडा नं. ........ बस्ने त्यस कंपनीका शेयरधनी श्री/श्रीमती ......................................................................... लाई मेरो प्रतिनिधि (Proxy) नियूक्त गरी पठाएको छु ।

**प्रतिनिनिधिको**

दस्तखतः ........................................

नामः ................................................

**निवेदकको**

दस्तखतः ..........................................................

नामः ...............................................................

ठेगानाः ...........................................................

शेयर संख्याः .................................

मितिः ..........................................

द्रस्टब्यः

१. प्रतिनिधि (प्रोक्सी) मुकरर गर्दा शेयरवाला बाहेक अरुलाई गर्न पाइने छैन ।
२. यो निबेदन साधारणसभा हुनुभन्दा कम्तीमा ४८ घण्टा अगावै यस वित्तीय संस्थाको केन्द्रीय कार्यालय, सांगा, बनेपा न.पा-१३, काभ्रेपलाञ्चोकमा पेश गरी सक्नु पर्नेछ ।
३. एकभन्दा बढी प्रतिनिधि (प्रोक्सी) को नाम उल्लेख गरेमा फारम रद्द गरिने छ । एउटा भन्दा बढी फारम प्राप्त भएमा सबैभन्दा अगाडि दर्ता भएको प्रतिनिधि (प्रोक्सी) लाई मात्र मान्यता दिइनेछ ।

-----------------------------------------------------------

# प्रवेश–पत्र

शेयर धनीको नाम :....................................................................................................

शेयर क्रम संख्या नं. :............................... शेयर संख्या :..................................

शेयर धनीको दस्तखत :..................................................................

**तेस्रो वार्षिक साधारण सभामा उपस्थित हुन जारी गरिएको प्रवेश-पत्र :**

१. यो प्रवेश-पत्र सभा कक्षमा प्रवेश गर्दा र साधारण सभा सम्पन्न नहुन्जेल अनिवार्य रुपमा साथमा राख्नु होला ।
२. प्रवेश-पत्रको खाली स्थान शेयरधनी स्वयमले भर्नु हुन अनुरोध छ ।

**नोटः** यो निवेदन विषेश साधारणसभा शुरु हुनुभन्दा कम्तिमा ४८ घण्टा अगावै संस्थाको रजिष्टर्ड कार्यालयमा पेश गरिसक्नु पर्नेछ । एकभन्दा बढी प्रतिनिधि (प्रोक्सी) को नाम उल्लेख गरेमा प्रतिनिधि (प्रोक्सी) फारमा रद्द गरिने छ ।

# तेस्रो वार्षिक साधारण सभामा सञ्चालक समितिको तर्फबाट श्री अध्यक्षज्यूको प्रतिवेदन

**आदरणीय शेयरधनी महानुभावहरू,**

राष्ट्र उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेडको तेस्रो वार्षिक साधारण सभामा भाग लिन पाल्नु भएका सम्पूर्ण शेयरधनी महानुभावहरूलाई वित्तीय संस्थाको सञ्चालक समितिको तर्फबाट हार्दिक स्वागत एवं अभिवादन गर्दछु । यस अवसरमा यहाँहरू समक्ष वित्तीय संस्थाको तेस्रो वार्षिक प्रतिवेदन प्रस्तुत गर्न पाँउदा ज्यादै खुशी लागेको छ । २०७८ आषाढ मसान्तसम्मको वित्तीय संस्थाको वासलात, आर्थिक वर्ष २०७७/०७८ को नाफा नोक्सान हिसाब, इक्विटीमा भएको परिवर्तन विवरण, नगद प्रवाह विवरण तथा संलग्न अनुसूचीहरू स्वीकृतिका लागि यस गरिमामय साधारण सभामा प्रस्तुत गर्ने अनुमति चाहन्छु । प्रस्तुत वित्तीय विवरण तथा प्रतिवेदनको अध्ययन पश्चात् यहाँहरूबाट वित्तीय संस्थाले पाउने सुझाव, सहयोग तथा सद्भावले वित्तीय संस्थाको भावि कार्ययोजना निर्माण तथा लक्ष प्राप्तिमा थप मद्दत पुग्नेछ भन्ने विश्वास लिएको छु ।

## (क) लघुवित्तको पृष्ठभूमि तथा बर्तमान बातावरण र कारोबारको सिंहावलोकन :

श्री नेपाल राष्ट्र बैंकको नीति अनुसार सबै लघुवित्त गै.स.स. (FI-NGOs) हरू "घ" वर्गको लघुवित्त वित्तीय संस्थामा रुपान्तरण गर्ने निर्देशन बमोजिम नेपाल ग्रामीण विकास संस्था, "क" वर्गका वाणिज्य बैंकहरू: राष्ट्रिय वाणिज्य बैंक लि. र प्रभु बैंक लि. तथा ३६ प्रतिष्ठीत व्यक्तिहरू समेतको संस्थापक शेयर रहने गरी श्री सुधीर प्रसाद लोहनी (नेपाल ग्रामीण विकास संस्था र यस कम्पनीका तत्कालीन अध्यक्ष) को अग्रसरतामा राष्ट्र उत्थान लघुवित्त वित्तीय संस्था लि. संस्थापन भई उक्त नेपाल ग्रामीण विकास संस्थाको लघुवित्त परियोजना यस संस्थामा समाहित भएको हो ।

राष्ट्र उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड २०७५/०६/१४ गते कम्पनी रजिष्ट्रारको कार्यालयमा पब्लिक लिमिटेड कम्पनीको रूपमा दर्ता भई मिति २०७५/१०/१६ गते "घ" वर्गको वित्तीय संस्थाको रूपमा राष्ट्रियस्तर कार्यक्षेत्र रहने गरी वित्तीय कारोवार गर्न नेपाल राष्ट्र बैंकबाट ईजाजतपत्र प्राप्त गरी मिति २०७५/११/८ गतेदेखि औपचारिक रुपमा वित्तीय कारोवार शुभारम्भ गरेको हो । यस लघुवित्त वित्तीय संस्थाले न्यून आय भएका वा विपन्न वर्गका लक्षित ग्राहक सदस्यहरूलाई लघुकर्जा प्रवाह गर्दै आएको र हाल यस कम्पनीको ३६ जिल्लामा रहेका ८८ वटा शाखा कार्यालय मार्फत २,२०,२६५ परिवारहरू प्रत्यक्षरुपमा लाभान्वित भएका छन् । निश्चय नै केही महिना अधिमात्र रेटिङ एजेन्सी ईक्रा नेपाल (www.icranepal.com) बाट यस कम्पनीको रेटिङ प्रतिवेदनमा उल्लेख गरेबमोजिम यो वित्तीय संस्थाको सवल पक्ष (Strength) भनेकै सदस्यहरूको संस्थाप्रतिको विश्वास र भरोसा एवं लामो समयदेखि वित्तीय, सरकारी, गैर सरकारी, शैक्षिक, कृषि, उद्योग तथा व्यापार एवम् विभिन्न क्षेत्रमा व्यवस्थापन तहमा कार्यरत अनुभवी प्रतिष्ठित व्यक्तिहरू संस्थापक तथा सञ्चालकहरू रहनु एवम् साविकको अग्रणी FINGO नेपाल ग्रामीण विकास संस्था, सरकारी स्वामित्वको सबैभन्दा ठूलो बैंक राष्ट्रिय वाणिज्य बैंक लि. र निजी क्षेत्रको अग्रणी बैंक प्रभु बैंक लि. को यसमा संस्थागत स्वामित्व रहनु हो ।

## (ख) राष्ट्रिय तथा अन्तराष्ट्रिय परिस्थितिबाट कम्पनीको कारोवारलाई परेको असर :

विश्वव्यापी रुपमा फैलिएको कोरोना भाईरस (Covid-19) महामारीको कारण देशको समग्र अर्थतन्त्रमा परेको असरले लघुवित्त क्षेत्र समेत प्रभावित भई समीक्षा वर्षमा वित्तीय संस्थाको कारोबारमा समेत केही असर पुऱ्याएको छ । साथै सञ्चालन खर्चमा वृद्धि, व्यापारिक आयमा संकुचन, कमजोर भौतिक पुर्वाधार, नवीनतम प्रविधिको अभाव, प्रभावकारी कर्जा सूचनाको कमी, लघुवित्त संस्थाहरूको शाखा बिस्तारसंगै लघुवित्त कार्यक्रम र ग्राहकहरूमा देखिएको दोहोरोपना कोरोना भाइरस महामारीले लक्षितवर्गको व्यावसायिक गतिविधि र आयमा परेको नकारात्मक असर, बजारमा तरलताको अभावले आर्थिक स्रोत परिचालनमा कठिनाई आदिले लघुवित्त कार्यक्रममा प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा प्रभाव पारेको देखिन्छ । यस प्रकारको अप्ठ्यारो परिस्थितिका बावजुद पनि संस्थापक शेयरधनी महानुभाव एवं संचालकज्यूहरूको अमुल्य राय सुझाव, व्यवस्थापनको दूर दृष्टि, स्रोत परिचालन गर्न सक्ने क्षमता र जोखिम व्यवस्थापन गर्न प्रयोग गरिएको उचित रणनीतिको कारण यस अवधिमा संस्थाको कारोवारमा सन्तोषप्रद ढंगले सुधार आएको कुरा यस सभालाई जानकारी गराउंन पाउँदा हामीलाई खुसी लागेको छ ।

**(ग) प्रतिवेदन तयार भएको मितिसम्म चालु आर्थिक वर्षको उपलब्धी र भविष्यमा गर्नुपर्ने विषयका सम्बन्धमा सञ्चालक समितिको धारणा :**

**१. उपलव्धी विवरण :**

१.१ वित्तीय संस्थाको चालु आ.व. २०७८/०७९ को आश्विन मसान्तसम्मको वित्तीय विवरणनुसारको कारोवारमा भएको प्रगति विवरण देहाय बमोजिम रहेको छ।

कोरोना भाइरस महामारीको बावजुद २०७८ असोज मसान्तसम्ममा संस्थाले कुल शाखा संख्या ८८ पुऱ्याई कार्यालय संचालन खर्चमा बृद्धि हुंदा समेत खुद नाफा रु.१ करोड २५ लाख भन्दा बढी आर्जन गर्न सफल भएको छ।

| क्र.सं. | विवरण | आ.व.२०७७/०७८ आषाढ मसान्तसम्मको | चालु आ.व.२०७८/०७९ असोज मसान्त सम्मको (०७८ श्रावणदेखि ०७८ आश्विन मसान्तसम्मको) |
|---|---|---|---|
| १. | जिल्ला संख्या | ३५ | ३६ |
| २. | शाखा संख्या | ८५ | ८८ |
| ३. | केन्द्र संख्या | ३६५६ | ३९७७ |
| ४. | सदस्य संख्या | ४१,२३६ | ४४०५३ |
| ५. | ऋणी संख्या | २८,१८९ | २९९७० |
| ६. | कर्मचारी संख्या | ३०८ | ३१६ |
| | | | |
| ७. | चूक्ता पूंजी | १७५,०००,०००.०० | १७५,०००,०००.०० |
| ८. | कर्जा सापटी | २,१५,७६,८०,९२३.०० | २,०२,६१,४१,६२३.८१ |
| ९. | बचत निक्षेप | ६४,०६,५०,३५६.०० | ६७,८२,९४,०९३.७३ |
| १०. | लगानीमा रहिरहेको कर्जा | २,६१,५८,९३,५८७.०० | २,८२,२१,४०,७१८.८४ |
| | | | |
| ११. | व्याज आम्दानी | २८,९६,७३,५२१.०० | ९,३९,३०,०९७.९४ |
| १२. | अन्य आम्दानी | ५२,२९८,२३४.०० | १,३०,४०,१२८.९५ |
| १३. | कर्मचारी तलब भत्ता खर्च | १०,२८,२८,३५९.०० | ३,१८,२९,५०९.०० |
| १४. | कार्यालय संचालन खर्च | ४,८३,६९,६२१.०० | १,२३,२७,९१९.११ |
| १५. | व्याज खर्च | १०,०४,३३,८४१,०० | ४,२६,३६,७५५.८९ |
| १६. | खूद नाफा/नोक्सान | ४,७१,०९,२५७.०० | १,२५,१७,९६७.२८ |

१.२ यस अवधिमा व्यवस्थापनले शाखा प्रमुख/ईलाका सुपरिवेक्षकहरूको अनलाईन मार्फत् त्रैमासिक समीक्षा तथा समसामयिक विषयहरूमा बैठकहरू संचालन गर्दै आएको छ।

**२. वित्तीय संस्थाको भावी योजना :**

२.१ यस वित्तीय संस्थाले आ.व. २०७८/०७९ मा ग्राहक सदस्य ६३ हजार ५ सय ५० जना, लगानीमा रहिरहेको कर्जा रकम रु. ३ अर्व ८२ करोड ७८ लाख ८४ हजार र वचत संकलन रु.८४ करोड ४९ लाख ९ हजार पु-याउने लक्ष्य लिएको छ।

२.२ यस वित्तीय संस्थाले आवश्यकता बमोजिम आगामी दिनमा अन्य लघुवित्त वित्तीय संस्थालाई वा लघुवित्त वित्तीय संस्थाहरूको कुनै पनि शाखालाइ मर्जर/प्राप्ती गर्न सक्नेछ।

२.३ यस वित्तीय संस्थाले ग्राहकहरूको माग तथा नेपाल राष्ट्र बैंकको नीति नियम भित्र रही समय सापेक्ष नयाँ ग्राहकमूखि सेवाको पहिचान तथा विकास गरी व्यवसायिक कार्ययोजना सहित आफ्नो कार्यक्षेत्र भित्र शाखा कार्यालयहरूको विस्तार गरी ग्राहकहरूलाई सुलभ तरिकाले सेवा प्रदान गर्ने योजना राखेको छ। साथै कर्मचारी वर्गलाई उच्च मनोबलकासाथ परिचालित गरी उत्पादकत्व बढाउने, शेयरधनीहरूलाई लगानीको उचित प्रतिफल यथा सम्भव छिटो उपलब्ध गराउने र सामाजिक उत्तरदायित्व प्रति सचेत रहने गरी कार्य गर्नेछ।

२.४ वित्तीय संस्थामा भाखा नाघेको कर्जा व्यवस्थापन एक चुनौतिको रुपमा देखा परेको छ। यसलाई नियन्त्रण गर्न आवश्यक पर्ने सबै औजारहरूको प्रयोग गरी बाञ्छित सीमा भित्र ल्याउनेगरी प्रभावकारी रुपमा कर्मचारी परिचालन गर्नेछ।

२.५ साथै संस्थाले नीति तथा कार्यविधिहरू थप गर्ने वा समयानुकुल सुधार गर्ने कार्यलाई निरन्तरता दिनेछ ।

२.६ जनशक्ति तालिम, कर्मचारीको क्षमता र दक्षता अभिबृद्धि विना कार्यक्रमको गुणस्तर र उच्च परिणाम दुबै असम्भव रहेकोले कोरोना भाइरस महामारीको असर हाल केही कम हुँदै गएकोले कर्मचारीहरूलाई सशक्त बनाउन विभिन्न स्वदेशी तथा विदेशी तालिम उपलब्ध गराई सक्षम जनशक्ति निर्माण गरी लक्ष अनुरुपको प्रगति हासिल गर्नेछ ।

२.७ संस्थाले विना धितोको विपन्न बर्ग कर्जाको साथसाथै लघुउद्यम/लघु व्यवसाय प्रवर्धन हेतु धितो कर्जा लगानी लाई निरन्तरता दिनेछ । नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम प्रति ग्राहक रु. ७ लाख देखि १५ लाख सम्म धितो कर्जा लगानी गर्न पाउने प्रावधान बमोजिम हालसम्म करिब रु. ८२ करोड लगानी भैसकेको छ । गत आ.व.देखि महिलाको साथसाथै गैर समूहका पुरुषलाई समेत सदस्यता प्रदान गरी धितो कर्जा प्रवाह गर्दै आएको छ ।

२.८ एउटै सदस्यले एकभन्दा बढी लघुवित्त वित्तीय संस्थाबाट अनावश्यक कर्जा लिई कर्जा भूक्तानीमा देखिने समस्याको निराकरण गर्न कर्जा सूचना केन्द्रसँग कर्जा सूचना लिने/दिने व्यवस्थालाई निरन्तरता दिईनेछ ।

२.९ केन्द्र प्रमुखहरूको गोष्ठी, पुनर्ताजगी तालिम र आयमुलक तालिम जस्ता कार्यक्रम मार्फत वित्तीय संस्थाले उपलब्ध गराउँदै आएका सेवा सुविधाहरूको प्रचार प्रसार गरिनेछ ।

२.१० प्राकृतिक विपत्ति, महामारी, स्वास्थ्यमा समस्या आदि जस्ता कावु बाहिरका कारणहरूले ऋणीको आर्थिक अवस्था कमजोर भई कर्जाको साँवा र व्याज भूक्तानी गर्न नसक्ने अवस्था भएमा आवश्यकता अनुसार कर्जा पुनरतालिकीकरण, पुनरसंरचना गर्ने र ग्राहक संरक्षण कोष कार्यविधिको अधिनमा रही राहत वितरण कार्यलाई निरन्तरता दिइनेछ ।

२.११ नियमनकारी निकायहरू, बाह्य लेखापरीक्षण र आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा दिइएका निर्देशन तथा सुझावहरू कार्यान्वयन भए नभएको नियमित अनुगमन गर्ने व्यवस्थालाई निरन्तरता दिइने छ ।

**(घ) कम्पनीको औद्योगिक तथा व्यवसायिक सम्बन्ध :**

यस वित्तीय संस्थाको नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय लगायतका नियामक निकायसँग सुमधुर व्यावसायिक सम्बन्ध रही आएको छ । साथै विभिन्न बैंक तथा वित्तीय संस्थाहरू, सरकारी/गैरसरकारी संस्थाहरू एवं सेवाग्राही सदस्यहरू लगायतका सम्पूर्ण सरोकारवालाहरूसँग सौहार्दपूर्ण सम्वन्ध रहँदै आएकोछ र भविष्यमा पनि हुने अपेक्षा गरिएको छ ।

**(ङ) सञ्चालक समितिमा भएको हेरफेर र सोको कारण :**

| क्र. | आ.व.२०७७/०७८ मा | | आ.व.२०७८/०७९ मा हालसम्म | | हेरफेर भएको |
|---|---|---|---|---|---|
| सं. | संचालकको नाम | पद | संचालकको नाम | पद | भए कारण |
| १ | श्री प्रल्हाद मान माली | अध्यक्ष (स्वतन्त्र सञ्चालक) | श्री प्रल्हाद मान माली | अध्यक्ष (स्वतन्त्र सञ्चालक) | हेरफेर नभएको |
| २ | श्री चिरन्जीवी वि.सी. | सञ्चालक | श्री चिरन्जीवी वि.सी. | सञ्चालक | हेरफेर नभएको |
| ३ | श्रीमती रीता सापकोटा पौडेल | सञ्चालक | श्रीमति रीता सापकोटा पौडेल | सञ्चालक | हेरफेर नभएको |
| ४ | श्री प्रदीप कुमार तिमिलसिना | सञ्चालक | श्री प्रदीप कुमार तिमिलसिना | सञ्चालक | हेरफेर नभएको |
| ५ | श्री विमल डंगोल | सञ्चालक | श्री विमल डंगोल | सञ्चालक | हेरफेर नभएको |

**(च) कारोबारलाई असर पार्ने मुख्य कुराहरू :**

लघुवित्तको कारोवार गर्ने यस संस्थालाई निम्न कुराहरूले असर पार्दछ :-

१. प्राकृतिक प्रकोप, रोगजन्य महामारी लगायत अन्य राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा सिर्जित हुने प्रतिकूलता आदि,

२. यस वित्तीय संस्थाको लगानीको मुख्य श्रोत बैंक तथा वित्तीय संस्थाबाट प्राप्त हुने कर्जा सापटी नैं भएकोले समय समयमा हुने ब्याजदर वृद्धि तथा तरलता अभाव,

३. शाखा संजाल र व्यवसायको वृद्धिको कारण कर्मचारी तथा संचालन खर्चमा हुने वृद्धि र जोखिम व्यवस्थापनमा थपिएको चुनौती,

४. यस वित्तीय संस्थाले ऋणी सदस्यसंग लिने कर्जा व्याजदर र अन्य शुल्कमा नियामक निकायबाट लगाइने सीमा,

५. लघुवित्त वित्तीय संस्थाहरूको वृद्धि र अव्यवस्थित शाखा विस्तारले हुने अस्वस्थ प्रतिस्पर्धा,

६. नियमनकारी निकायबाट हुने छिटो छिटो नीतिगत परिवर्तनका कारणले सृजना हुने अवस्थाहरू,

७. प्रभावकारी कर्जा सूचना केन्द्रको कमी,

८. बढ्दो Employee Turnover को करणयोग्य कर्मचारीको अभाव भई कर्मचारी उत्पादकत्वमा ह्रास आदी ।

**(छ) लेखापरीक्षण प्रतिवेदनमा कुनै कैफियत उल्लेख भएको भए सोको उपर सञ्चालक समितिको प्रतिक्रिया :**

वित्तीय संस्थाको नियमित कार्यसम्पादनका क्रममा भएका सामान्य कमी कमजोरी बाहेक नेपाल राष्ट्र बैंकको नीति निर्देशन, कम्पनी रजिष्ट्रारको कार्यालय तथा नेपालको प्रचलित कानून विपरीतका कार्य गरेको गम्भीर प्रकृतिका टिप्पणीहरू लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको छैन । लेखापरीक्षकको प्रतिवेदन उपर सञ्चालक समितिको तर्फबाट कुनै नकारात्मक टिप्पणी छैन । प्रस्तुत लेखापरीक्षण प्रतिवेदनले संस्थाको यथार्थ स्थिति चित्रण गरेको छ ।

**(ज) कम्पनी ऐन, २०६३ को दफा १०९ को उपदफा ४ सँग सम्बन्धित सञ्चालक समितिको संक्षिप्त प्रतिवेदन :**

कम्पनी ऐन, २०६३ को दफा १०९ को उपदफा ४ सँग सम्बन्धित सञ्चालक समितिको आ.व. २०७७/०७८ को संक्षिप्त प्रतिवदेन यसै प्रतिवेदनको अनुसूची-१ मा प्रस्तुत गरिएको छ ।

**(झ) अन्य आवश्यक कुराहरू :**

१. **संस्थागत सुशासन :**

यस वित्तीय संस्था संस्थागत सुशासनको स्तरलाई उच्च राख्ने कुरामा कटिबद्ध रहेको छ । यस कम्पनीले सञ्चालन गरेका क्रियाकलापहरू पारदर्शी एवं नियम संगत छन् । यस संस्थामा शु-शासन कायम गरी स्वचालित ढंगले संचालन गर्न विभिन्न नियन्त्रण प्रणाली अवलम्बन गरिएको छ । शाखाहरूमा नियमित रुपमा अनुगमन गर्न एक छुट्टै शाखा संचालन, कर्जा अनुगमन तथा सुपरिवेक्षण विभागको व्यवस्था गरिएको छ । प्रादेशिक कार्यालयको मातहत प्रत्येक ईलाका कार्यालयहरूमा ईलाका निर्देशकको व्यवस्था गरी नियमित अनुगमन तथा सुपरिवेक्षण गर्ने गरिएको छ । आन्तरिक लेखापरीक्षण विभागबाट समेत नियमित रुपमा निरीक्षणको कार्य हुने गरेको छ । साथै भाखा नाघेको कर्जा व्यवस्थापनको लागि कर्जा निर्देशकलाई परिचालन गरिएको छ । नेपाल राष्ट्र बैंक तथा अन्य नियामक निकायबाट समय समयमा जारी भएका नीति निर्देशनलाई सजग भई पालना गर्ने गरिएको छ । नियामक निकायहरूको निर्देशनको पालना एवं संस्थागत सुशासन हेतु यस आर्थिक वर्षमा निम्न बमोजिमको कार्यविधि/नियमावलीहरू तयार गरि लागू गरिएको छ ।

१) संपत्ति शुद्धिकरण निवारण सम्बन्धी कार्यविधि, २०७७

२) सञ्चालक समितिका अध्यक्ष, सदस्य र कार्यकारी प्रमुखको बैदेशिक भ्रमण कार्यविधि, २०७७

३) संस्थागत सुशासन निर्देशिका, २०७७

१.१ **आन्तरिक नियन्त्रण प्रणाली:**

**१.१.१ नीति तथा विनियमावली** : वित्तीय संस्थाले व्यवसायमा निहित जोखिमलाई न्यून गर्ने तथा आन्तरिक नियन्त्रण प्रणालीलाई बलियो बनाउन नेपाल राष्ट्र बैंकले समय समयमा जारी गरेका नीति तथा निर्देशनको अधिनमा रहेर आवश्यक नीति, नियम र विनियमावली बनाई लागु गर्दै आएको छ ।

**१.१.२ लेखापरीक्षण समिति** : वित्तीय संस्थामा गैर कार्यकारी सञ्चालकको मातहतमा एक लेखापरीक्षण समिति गठन गरिएको छ । यस समितिले वित्तीय संस्थाको आर्थिक अवस्थाको समीक्षा, आन्तरिक नियन्त्रण, लेखापरीक्षण सम्बन्धी कार्यक्रम र लेखापरीक्षणको परिणाम सम्बन्धमा विस्तृत छलफल गरी वित्तीय संस्थाको व्यवस्थापनलाई सञ्चालक समिति मार्फत आवश्यक निर्देशन दिने गर्दछ । वित्तीय संस्थाका आन्तरिक र वाह्य लेखापरीक्षकहरूको सो समितिमा सिधै पहुँच रहेको छ । निजहरूले पेश गर्ने प्रतिवेदन र यस समितिको प्रतिवेदन उपर सञ्चालक समितिले विस्तृत छलफल गर्ने व्यवस्था गरिएको छ । नेपाल राष्ट्र बैंकले तोके बमोजिम यस समितिको प्रमुख उत्तरदायित्व हुने गरी समितिले कार्य संचालन गर्दछ ।

**१.१.३ जोखिम व्यवस्थापन समिति :** वित्तीय संस्थामा गैर कार्यकारी सञ्चालकको संयोजकत्वमा एक जोखिम व्यवस्थापन समिति गठन गरिएको छ । लेखापरीक्षण समितिका संयोजक जोखिम व्यवस्थापन समितिको पदेन सदस्य रहेका छन् । राष्ट्र बैंकले तोकेबमोजिम यस समितिको काम, कर्तव्य र अधिकार हुने गरी कार्य संचालन हुने गरेकोछ ।

**१.१.४ कर्मचारी सेवा सुविधा समिति :** सञ्चालक समितिले गैर कार्यकारी सञ्चालकको संयोजकत्वमा एक कर्मचारी सेवा सुविधा समिति गठन गरेको छ । राष्ट्र बैंकले तोकेबमोजिम यस समितिको काम कर्तब्य र अधिकार हुने गरी यस समितिले कार्य संचालन गर्दछ । कर्मचारीको सेवा सुविधा तथा शर्तहरूमा परिवर्तन गर्नुपर्दा यस समितिको सिफारिस बमोजिम गर्ने गरिएको छ ।

**१.१.४ सम्पत्ति शुद्धीकरण अनुगमन समितिः** सञ्चालक समितिले गैर कार्यकारी सञ्चालकको संयोजकत्वमा एक सम्पत्ति शुद्धीकरण अनुगमन समिति गठन गरेको छ । राष्ट्र बैंकले तोकेबमोजिम यस समितिको काम कर्तव्य र अधिकार हुने गरी यस समितिले कार्य संचालन गर्दछ ।

## २. सर्वसाधारणमा शेयर निष्कासन :

मिति २०७६/९/२९ मा सम्पन्न यस संस्थाको प्रथम वार्षिक साधारण सभाबाट पारित विशेष प्रस्ताव अनुसार यस वित्तीय संस्थाको जारी पूंजीको ३२.६९ प्रतिशत अर्थात् ८,५०,०० कित्ता साधारण शेयर प्रचलित नियमानूसार सार्वजनिक निष्काशन गर्ने निर्णय भएबमोजिम स्वीकृतीको लागि मिति २०७८ आषाढ महिनामैं नेपाल धितोपत्र बोर्डमा निवेदन दिईएको र उक्त बोर्डबाट निवेदन उपर Comment प्राप्त भई सोको जवाफ समेत दिईसकेको हुंदा छिट्टै स्वीकृती प्राप्त हुने जानकारी प्राप्त भएको छ ।

## ३. संस्थागत सामाजिक उत्तरदायित्व :

वित्तीय संस्थाले सामाजिक उत्तरदायित्व अन्तर्गत नीतिगत व्यवस्था गरी ग्राहक सदस्यहरूलाई कल्याणकारी सुत्केरी खर्च, सदस्यको पति/पत्नीको वा छोरा/छोरीको मृत्यु भएमा क्रिया खर्च, दैविप्रकोपबाट धन जनको क्षति भएमा राहत खर्च, उत्कृष्ठ केन्द्र प्रमुख तथा सदस्यलाई पुरस्कार, एस.ई.ई. परिक्षामा सर्बोत्कृष्ठ अंक हासिल गर्ने सदस्यका छोरा/छोरीलाई नगद पुरस्कार र कर्जा लिएका ऋणीको मृत्युभएमा निजको बाँकि रहेको साँवा ब्याज छुट दिने गरिएको छ । साथै, कोरोना भाइरस महामारीको कारण व्यापार, व्यवसाय ठप्प भई समस्यामा परेका सदस्यहरूलाई राहत वितरण गरिएको तथा स्थानिय निकायहरूलाई राहत बाड्न आर्थिक सहयोग गरिएको छ ।

## ४. मानव संशाधन :

वित्तीय संस्थाले व्यवसायको आकार तथा शाखा संख्यामा भएको वृद्धि सँगसँगै आवश्यक कर्मचारीको पदोन्नति, नियुक्ती तथा पदस्थापन गर्दै आएको छ । समीक्षा आर्थिक वर्षमा कोरोना महामारीको जोखिमको कारणले उल्लेख्य रुपमा भौतिक रुपले कर्मचारीहरूलाई तालिम, गोष्ठी, सेमिनारमा सहभागी गराउन नसकिएकोमा कोरोना भाइरस महामारीको असर कम हुँदै गएकोले चालु आ.व. यस कार्यलाई प्राथमिकता दिईनेछ । वित्तीय संस्थामा कार्यरत कर्मचारीहरूको सामुहिक हक हितको संरक्षण गरी सामाजिक सुरक्षा प्रदान गर्न सामाजिक सुरक्षा कोषमा दर्ता भई योगदान गर्न सुरु गरिसकिएको छ ।

## ५. सम्बन्धित पक्ष विवरण :

वित्तीय संस्थाले आफ्नो सञ्चालक समितिको वित्तीय स्वार्थ भएको कुनै पनि पक्षसँग वित्तीय कारोवार गरेको छैन । सञ्चालक र कार्यकारी प्रमुखको विवरण र निजहरूलाई उपलब्ध गराइएको सुविधा यसै प्रतिवेदनको अनुसूची-१ मा उल्लेख गरिएको छ ।

## ६. धन्यवाद ज्ञापन :

यस लघुवित्त वित्तीय संस्थाको उन्नतिको लागि योगदान पुऱ्याउनु हुने वित्तीय संस्थाका सेवाग्राही सदस्य महानुभावहरू, शेयरधनी महानुभावहरू, नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, आन्तरिक राजश्व कार्यालय लगायत अन्य निकायका पदाधिकारीहरू, वित्तीय संस्थालाई कर्जा तथा बैंकिङ सुविधा उपलब्ध गराउने विभिन्न बैंक तथा वित्तीय संस्थाहरू, पत्रकार मित्रहरू र अन्य सरोकारवालाहरू प्रति हार्दिक कृतज्ञता सहित धन्यवाद व्यक्त गर्दछु । वित्तीय संस्थाको उन्नति र प्रगतिमा पुऱ्याउनु भएको योगदानका लागि वित्तीय संस्थाका कार्यकारी निर्देशक लगायतका सम्पूर्ण कर्मचारीहरू प्रति धन्यवाद व्यक्त गर्दछु । कोरोना भाइरस महामारीको कहरबाट लामो समयदेखि गुज्रिरहेको यस विषम परिस्थितिलाई छिचोली संस्थालाई यसप्रकार एक सशक्त राष्ट्रव्यापी लघुवित्त वित्तीय संस्थाको रुपमा खडा गर्न सक्नु सराहनीय छ । आगामी दिनहरूमा पनि सदा झैं सबै क्षेत्रबाट वित्तीय संस्थाको प्रगतिका लागि अझ बढी सहयोग, सद्भाव र हौसला प्रदान गरिदिनु हुनेछ भन्ने अपेक्षा राखेको छु ।

मिति : २०७८/९/१५

**(प्रल्हाद मान माली)**
**अध्यक्ष**

अनुसूची - १

# कम्पनी ऐन, २०६३ को दफा १०९ को उपदफा ४ सँग सम्बन्धित थप विवरण

**(क) विगत वर्षको कारोबारको सिंहावलोकन :**

विगत वर्ष यस वित्तीय संस्थाले शाखा संजाल ८५ पुर्याई खुद मुनाफा रु. ४,७१,०९,२५७/- गर्न सफल भएको छ । यस सम्बन्धमा विस्तृत विवरण सञ्चालक समितिको प्रतिवेदनमा उल्लेख गरिएको छ ।

**(ख) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिस्थितिबाट कम्पनीको कारोबारलाई कुनै असर परेको भए सो असर :**

कोरोना भाइरस महामारीको कारण संस्थाको कारोबारमा केही असर परेतापनी कुशलतापुर्वक कार्यसम्पादननको फलस्वरुप संस्थाको कारोबार बृद्धिको साथसाथै खुद मुनाफामा समेत बृद्धि भएको छ । यस सम्बन्धमा विस्तृत विवरण सञ्चालक समितिको प्रतिवेदनमा उल्लेख गरिएको छ ।

**(ग) प्रतिवेदन तयार भएको मितिसम्म चालु वर्षको उपलव्धि र भविष्यमा गर्नंपर्ने कुराको सम्वन्धमा सञ्चालक समितिको धारणाः**

**२०७८ आश्विन मसान्तसम्म** यस वित्तीय संस्थाले शाखा संजाल ८८ सदस्य संख्या ४४,०५३, कर्जा लगानी रु. २,८२,२१,४०,७२०/- पुर्याई खुद मुनाफा रु.१,२५,१७,९७०/- आर्जन गर्न सफल भएको छ । साथै भविष्यमा समेत सोही अनुरुप प्रगति हासिल गर्दै जाने लक्ष लिएको छ ।

**(घ) कम्पनीको औद्योगिक वा व्यवसायिक सम्बन्ध :**

यस वित्तीय संस्थाको सबै सरोकारवालाहरूसंग सुमधुर सम्बन्ध रहिआएको छ ।

**(ङ) सञ्चालक समितिमा भएको हेरफेर र सोको कारण :**

यस अवधिमा संचालक समितिमा हेरफेर नभएको ।

**(च) संस्थाको कारोवारलाई असर पार्न सक्ने मुख्य समस्या तथा चुनौतिहरू :**

मुख्यतः बैंक तथा वित्तीय संस्थाबाट हुने व्याजदर बृद्धि तथा तरलता अभाव र अन्य सञ्चालक समितिको प्रतिवेदनमा उल्लेख गरिएको ।

**(छ) लेखापरीक्षण प्रतिवेदनमा कुनै कैफियत उल्लेख भएको भए सो उपर सञ्चालक समितिको प्रतिकृया :**

आ.व.२०७७/०७८ को लेखापरीक्षण प्रारम्भिक प्रतिवेदनमा सामान्य कैफियत रहेकोमा सो उपर कारवाही भइसकेको छ र सोको विस्तृत जानकारी संलग्न छ ।

**(ज) लाभांश बाँडफाँड गर्न सिफारिस गरिएको रकम :**

आ.व. २०७७/०७८ मा लाभांश बाँडफाँडको लागि रकम छुट्याईएको छैन ।

**(झ) शेयर जफत भएको भए जफत भएको शेयर संख्या, त्यस्तो शेयरको अङ्कित मूल्य, त्यस्तो शेयर जफत हुनुभन्दा अगावै सो वापत कम्पनीले प्राप्त गरेको जम्मा रकम र त्यस्तो शेयर जफत भएपछि सो शेयर बिक्री गरी कम्पनीले प्राप्त गरेको रकम तथा जफत भएको शेयर वापत रकम फिर्ता गरेको भए सोको विवरण :**

शेयर जफत भएको छैन ।

**(ञ) विगत आर्थिक वर्षमा कम्पनी र यसको सहायक कम्पनीको कारोबारको प्रगति र सो आर्थिक वर्षको अन्तमा रहेको स्थितिको पुनरावलोकन :**

यस कम्पनीको कुनै पनि सहायक कम्पनी रहेको छैन । वित्तीय संस्थाले गरेको प्रगतिका बारेमा यसै साथ संलग्न लेखापरीक्षण प्रतिवेदनको विभिन्न बुँदाहरूमा प्रस्तुत गरिएको छ ।

**(ट) कम्पनी तथा त्यसको सहायक कम्पनीले आर्थिक वर्षमा सम्पन्न गरेको प्रमुख कारोबारहरू र सो अवधिमा कम्पनीको कारोबारमा आएको कुनै महत्वपूर्ण परिवर्तन :**

यस कम्पनीको कुनै पनि सहायक कम्पनी रहेको छैन । वित्तीय संस्थाले आर्थिक वर्षमा सम्पन्न गरेको प्रमुख कारोबारहरू र सो अवधिमा कम्पनीको कारोबारमा भएको महत्वपूर्ण परिवर्तन मूल प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ठ) विगत आर्थिक वर्षमा कम्पनीको आधारभूत शेयरधनीहरूले कम्पनीलाई उपलब्ध गराएको जानकारी :**

यस संस्थामा कुनै पनि आधारभूत शेयरधनी व्यक्तिहरू रहनु भएको छैन ।

**(ड) विगत आर्थिक वर्षमा कम्पनीका सञ्चालक तथा पदाधिकारीहरूले लिएको शेयरको स्वामित्वको विवरण र कम्पनीको शेयर कारोबारमा निजहरू संलग्न रहेको भए सो सम्बन्धमा निजहरूबाट कम्पनीले प्राप्त गरेको जानकारी :**

वित्तीय संस्थाका सञ्चालक तथा पदाधिकारीहरूको शेयर स्वामित्व विवरण देहाय बमोजिम रहेको छ ।

| क्र.सं. | नाम | पद | शेयर स्वामित्व (कित्ता) |
|---|---|---|---|
| १ | श्रीमती रीता सापकोटा पौडेल | संचालक | ८,००० |
| २ | श्री सुधीर प्रसाद लोहनी | कार्यकारी निर्देशक | २५,००० |

**(ढ) विगत आर्थिक वर्षमा कम्पनीसँग सम्बन्धित सम्झौताहरूमा कुनै सञ्चालक तथा निजको नजिकको नातेदारको व्यक्तिगत स्वार्थको बारेमा उपलब्ध गराइएको जानकारीको व्यहोरा :**

वित्तीय संस्थासँग सम्बन्धित सम्झौताहरूमा कुनै सञ्चालक तथा निजका आफन्तको व्यक्तिगत स्वार्थ रहेको छैन ।

**(ण) कम्पनीले आफ्नो शेयर आफैले खरीद गरेको भए त्यसरी आफ्नो शेयर खरीद गर्नुको कारण, त्यस्तो शेयरको संख्या र अङ्कित मूल्य तथा त्यसरी शेयर खरीद गरेवापत कम्पनीले भुक्तानी गरेको रकम :**

यस अवधिमा कम्पनीले आफ्नो शेयर आफैले खरीद गरेको छैन ।

**(त) आन्तरिक नियन्त्रण प्रणाली भए वा नभएको र भएको भए सोको विस्तृत विवरण :**

यस संस्थाको आन्तरिक नियन्त्रण प्रणाली सबल र प्रभावकारी रहेको छ । यस सम्बन्धमा विस्तृत विवरण निम्न बमोजिम रहेको छ ।

१) **नीति तथा विनियमावली :** वित्तीय संस्थाले व्यवसायमा निहित जोखिमलाई न्यून गर्ने तथा आन्तरिक नियन्त्रण प्रणालीलाई बलियो बनाउन नेपाल राष्ट्र बैंकले समय समयमा जारी गरेका नीति तथा निर्देशनको अधिनमा रहेर आवश्यक नीति, नियम र विनियमावली बनाई लागु गर्दै आएको छ ।

२) **लेखापरीक्षण समिति :** वित्तीय संस्थामा गैर कार्यकारी सञ्चालकको मातहतमा एउटा लेखापरीक्षण समिति गठन गरिएको छ । यस समितिले वित्तीय संस्थाको आर्थिक अवस्थाको समीक्षा, आन्तरिक नियन्त्रण, लेखापरीक्षण सम्बन्धी कार्यक्रम र लेखापरीक्षणको परिणाम सम्बन्धमा विस्तृत छलफल गरी वित्तीय संस्थाको व्यवस्थापनलाई सञ्चालक समिति मार्फत आवश्यक निर्देशन दिने गर्दछ । वित्तीय संस्थाका आन्तरिक र वाहृय लेखापरीक्षकहरूले सो समितिमा सिधै पहुँच राखेका छन् । निजहरूले पेश गर्ने प्रतिवेदन र यस समितिको प्रतिवेदन उपर सञ्चालक समितिले विस्तृत छलफल गर्ने व्यवस्था गरिएको छ । नेपाल राष्ट्र बैंकले तोके बमोजिम यस समितिको प्रमुख उत्तरदायित्व हुने गरी समितिले कार्य संचालन गर्दछ ।

३) **जोखिम व्यवस्थापन समिति :** वित्तीय संस्थामा गैर कार्यकारी सञ्चालकको संयोजकत्वमा एक जोखिम व्यवस्थापन समिति गठन गरिएको छ । लेखापरीक्षण समितिका संयोजक जोखिम व्यवस्थापन समितिको पदेन सदस्य रहेका छन् । राष्ट्र बैंकले तोकेबमोजिम यस समितिको काम, कर्तव्य र अधिकार हुने गरी कार्य संचालन हुने गरेकोछ ।

४) **कर्मचारीसेवा सुविधा समिति :** सञ्चालक समितिले गैर कार्यकारी सञ्चालकको संयोजकत्वमा एउटा कर्मचारी व्यवस्थापन र सेवा सुविधा समिति गठन गरेको छ । राष्ट्र बैंकले तोकेबमोजिम यस समितिको काम कर्तब्य र अधिकार हुने गरी यस समितिले आफ्नो कार्य संचालन गर्दछ ।

५) **सम्पत्ति शुद्धीकरण अनुगमन समितिः** सञ्चालक समितिले गैर कार्यकारी सञ्चालकको संयोजकत्वमा एक सम्पत्ति शुद्धीकरण अनुगमन समिति गठन गरेको छ । राष्ट्र बैंकले तोकेबमोजिम यस समितिको काम कर्तब्य र अधिकार हुने गरी यस समितिले कार्य संचालन गर्दछ ।

**(थ) विगत आर्थिक वर्षको कुल व्यवस्थापन खर्चको विवरण :**

आर्थिक वर्ष २०७७/०७८ को व्यवस्थापन खर्च (कर्मचारी खर्च र अन्य सञ्चालन खर्च) रु.१५,११,९७,९८०/- रहेको छ ।

**(द) लेखापरीक्षण समितिका सदस्यहरूको नामावली, निजहरूले प्राप्त गरेको पारिश्रमिक, भत्ता तथा सुविधा, सो समितिले गरेको काम कारबाहीको विवरण र सो समितिले कुनै सुझाव दिएको भए सोको विवरण :**

सञ्चालक समितिद्वारा गठित लेखापरीक्षण समिति गैरकार्यकारी सञ्चालक श्री चिरन्जीवी वि.सी. को संयोजकत्वमा गठन गरिएको छ । उक्त समितिमा अर्का संचालक श्री प्रदिप कुमार तिमिलसिना सदस्य हुनुहुन्छ भने आन्तरिक लेखा परीक्षण विभागका विभागीय प्रमुख सचिव रहनु भएको छ । लेखापरीक्षण समितिमा कार्य गरेवापत यस आर्थिक वर्षमा रु.२६,०००/- भत्ता प्रदान गरिएको छ । यस समितिले संस्थाको आन्तरिक लेखापरीक्षण प्रतिवेदन तथा बाह्य लेखापरीक्षण प्रतिवेदनको समीक्षा गरी सोबाट प्राप्त सल्लाह, सुझाव तथा निर्देशनहरूको पालना भए नभएको मूल्यांकन गर्ने तथा उक्त प्रतिवेदनहरूको समीक्षा गरी सुधारका लागि आवश्यक निर्देशन दिने गरेको छ । समितिले आन्तरिक तथा बाह्य लेखापरीक्षकहरू नियुक्तिका लागि संचालक समिति समक्ष आवश्यक सिफारिस गर्ने गरेको छ ।

**(ध) सञ्चालक, प्रबन्ध सञ्चालक, कार्यकारी प्रमुख, कम्पनीका आधारभुत शेयरधनी वा निजको नजिकका नातेदार वा निज संलग्न रहेको फर्म, कम्पनी वा संगठीत संस्थाले कम्पनीलाई कुनै रकम बुझाउन बाँकी भए सो कुरा :**

सो नभएको ।

**(न) सञ्चालक, प्रबन्ध सञ्चालक, कार्यकारी प्रमुख तथा पदाधिकारीहरूलाई भुक्तानी गरिएको पारिश्रमिक, भत्ता तथा सुविधाको रकम :**

(१) सञ्चालकको भत्ता तथा सुविधा रकम :

आ.व. २०७७/०७८ मा सञ्चालकहरूलाई बैठक भत्ता वापत रु १,६४,५००/- भुक्तानी गरिएको छ ।

(२) कार्यकारी निर्देशक तथा व्यवस्थापकहरूको वार्षिक तलब, भत्ता तथा सुविधाहरू: (रु.मा)

| क्र.सं. | विवरण | कार्यकारी प्रमुख | अन्य व्यवस्थापकहरू |
|---|---|---|---|
| १ | तलब | १६,८०,०००.०० | २४,७८,६००.०० |
| २ | भत्ता | ७,३४,७०१.६८ | १३,९६,८५०.३६ |
| ३ | दशैं भत्ता | १५,३०० | ६१,२००.०० |
| ४ | सामाजिक सुरक्षा कोष | २,८०,००० | ४,१३,१००.०० |
| ५ | जम्मा रकम | २७,१०,००१.६८ | ४३,४९,७५०.३६ |
| ६ | जम्मा संख्या | १ | ४ |

**(प) शेयरधनीहरूले बुझिलिन बाँकी रहेको लाभांशको रकम :**

सो नभएको ।

**(फ) दफा १४१ बमोजिम सम्पत्ति प्राप्ति वा बिक्री गरेको कुराको विवरण :**

**रकम रु.**

| **गत वर्षको सम्पत्ति** | **यस वर्षको खरिद** | **यस वर्षको बिक्री** | **यस वर्षको अपलेखन** | **हालसम्मको कुल ह्रासकट्टी** | **बांकी सम्पत्ति** |
|---|---|---|---|---|---|
| २,००,८६,११५ | ४८,३७,२३३ | २४,१७४ | | ५५,३६,८२५ | १,९३,६२,३४९ |

**(ब) दफा १७५ बमोजिम सम्बद्ध कम्पनी बीच भएको कारोबारको विवरण :**

वित्तीय विवरणको अनुसूचि ४.२७ को बुंदा नं. २५ बमोजिम ।

**(भ) यस ऐन तथा प्रचलित कानून बमोजिम सञ्चालक समितिको प्रतिवेदनमा खुलाउनु पर्ने अन्य कुनै कुरा :**

सबै कुरा माथि प्रतिवेदनमा खुलाईएको छ ।

**(म) अन्य आवश्यक कुराहरू :**

सो नभएको ।

# विगत ३ वर्षको संस्थाको प्रगतिको तुलनात्मक विवरण

| क्र.सं. | विवरण | आ.व.२०७५/०७६ (फागुन महिना देखि) | आ.व.२०७६/०७७ | आ.व.२०७७/०७८ |
|---|---|---|---|---|
| १ | कार्यक्षेत्र भएको जिल्ला संख्या | ७७ | ७७ | ७७ |
| २ | सेवा पुगेको जिल्ला संख्या | २५ | २९ | ३५ |
| ३ | सेवा पुगेको स्थानिय तह संख्या | ११३ | २११ | २४८ |
| ४ | कुल कर्मचारी संख्या | १६८ | २१८ | ३०८ |
| ५ | कुल शाखा संख्या | ४२ | ६७ | ८५ |
| ६ | कुल केन्द्र संख्या | १,४६० | २,३६० | ३,६५६ |
| ७ | कुल समूह संख्या | ५,५४३ | ७,७७७ | १०,४२६ |
| ८ | कुल सदस्य संख्या | २१,३२५ | २९,३१४ | ४१,२३६ |
| ९ | कुल ऋणी संख्या | १५,९६८ | २०,४११ | २८,१८९ |
| १० | कुल बाँकी कर्जा (रु.) | १,००२,२९०,०८५ | १,३०७,३८८,४२९ | २,६१५,८९३,५८७ |
| ११ | कुल बचत रकम (रु.) | ४९४,९५८,११३ | ६१८,८९४,७१३ | ६४०,६५०,३५६ |
| १२ | खुद मूनाफा (रु.) | ९,३७३,३१९ | १६,५५३,०११ | ४७,१०९,२५७ |

**U.S. Associates**
Chartered Accountants

233 Sahayog Marga
Anamnagar, Kathmandu
Firm No: 646
PAN No: 605696598

## INDEPENDENT AUDITOR'S REPORT
## TO THE SHAREHOLDERS OF RASTRA UTTHAN LAGHUBITTA BITTIYA SANSTHA LIMITED

***Disclaimer of Opinion***

We have audited the accompanying financial statements of Rastra Utthan Laghubitta Bittiya Sanstha Limited, which comprises the balance sheet as at Ashad 31, 2078, the income statement, statement of cash flows, statement of changes in equity for the year then ended, a summary of significant accounting policies, and other explanatory information.

We do not express an opinion on the accompanying financial statements of the company whether the financial statements are fairly presented as per Nepal Financial Reporting Standards. Because of the significance of the matters described in the basis of Disclaimer of Opinion section of our report, we have not been able to obtain sufficient appropriate audit evidence to provide a basis for an audit opinion on these financial statements.

***Basis for Disclaimer of Opinion***

We conducted our audit in accordance with Nepal Standards on Auditing, our responsibilities under those standards are further described in the Auditor's Responsibilities for the Audit of the Financial Statements section of our report. We are independent of the Company in accordance with the ICAN's Handbook of Code of Ethics for Professional Accountants together with the ethical requirements that are relevant to our audit of the financial statements in Nepal, and we have fulfilled our other ethical responsibilities in accordance with these requirements and the ICAN's Handbook of the Code of Ethics for Professional Accountants.

The Institute of Chartered Accountants of Nepal (ICAN) has changed the application reporting framework for the Microfinance Companies. However, the company has prepared its financial statements as per the directives issued by Nepal Rastra Bank. The cumulative effect of not preparing financial statements in companies with Nepal Financial Reporting Standard is uncertain and could be material and pervasive.

***Key Audit Matters***

Except for the matter described in the Basis for Disclaimer of Opinion, we have determined that there are no other key audit matters to communicate in our report.

***Responsibilities of Management and Those Charged with Governance for the Financial Statements***

Management is responsible for the preparation and fair presentation of these financial statements in accordance with Nepal Financial Reporting Standards, and for such internal control as management determines is necessary to enable the preparation of financial statements that are free from material misstatement, whether due to fraud or error.

In preparing the financial statements, management is responsible for assessing the Company's ability to continue as a going concern, disclosing, as applicable, matters related to going concern and using the going concern basis of accounting unless management either intends to liquidate the Company or to cease operations, or has no realistic alternative but to do so.

Those charged with governance are responsible for overseeing the Company's financial reporting process.

***Auditor's Responsibilities for the Audit of the Financial Statements***

Our objectives are to obtain reasonable assurance about whether the financial statements as a whole are free from material misstatement whether due to fraud or error, and to issue an auditor's report that includes our opinion. Reasonable assurance is a high level of assurance but is not a guarantee that an audit conducted in accordance with NSAs will always detect a material misstatement when it exists.

Misstatements can arise from fraud or error and are considered material if, individual or in the aggregate, they could reasonably be expected to influence the economic decisions of users taken on the bias of these financial statements.

U.S. ASSOCIATES Chartered Accountants

- Identify and access the risks of material misstatement of financial statements, whether due to fraud or error, design and perform audit procedures responsive to those risks, and obtain audit evidence that is sufficient and appropriate to provide a basis for our opinion. The risk of not detecting a material misstatement resulting from fraud is higher than for one resulting from error, as fraud may involve collusion, forgery, intentional omissions, misrepresentations, or the override of internal control.
- Obtain an understanding of internal control relevant to the audit in order to design audit procedures that are appropriate in the circumstances, but not for the purpose of expressing an opinion on the effectiveness of the institution's internal control.
- Evaluate the appropriateness of accounting policies used and the reasonableness of accounting estimates and related disclosures made by management.
| – अवास्तविक सम्पत्ति (Fictitious Assets) | - | - |
| – यस बैंकको निर्देशन पालना नगरी स्वप्रयोजनको लागि घरजग्गा खरिद गरेको रकम | - | - |
| – प्रचलित ऐन तथा कानुनले प्रतिवन्ध गरेका व्यक्ति तथा समूहहरूलाई प्रदान गरेको कर्जा तथा सुविधाहरू | - | - |
| **(ख) पूरक पूँजी** | **१६,८२०** | **४,७४१** |
| १) असल कर्जाको लागि गरिएको कर्जा नोक्सानी व्यवस्था | १६,५०० | ४,७४१ |
| २) अतिरिक्त कर्जा नोक्सानी व्यवस्था | ३१० | - |
| ३) हाइब्रिड पूँजी उपकरणहरू | - | - |
| ४) सुरक्षण नराखिएको सहायक आवधिक ऋण | - | - |
| ६) सम्पत्ति पुनर्मूयाङ्कन कोष | - | - |
| ७) लगानी समायोजन कोष | १० | - |
| **(ग) जम्मा पूँजीकोष (क+ख)** | **२६५,५४६** | **२०८,७००** |
| **(घ) जोखिम भारित सम्पत्तिको आधारमा कायम गर्नुपर्ने न्युनतम पूँजीकोष** | | |
| पूँजीकोष ( ८ प्रतिशत) | ९.३३% | १४.४३% |
| प्राथमिक पूँजी ( ४ प्रतिशत) | ८.७४% | १४.११% |
| पूँजीकोष (अधिक) | १.३३% | ६.४३% |
| प्राथमिक पूँजी (अधिक) | ४.७४% | १०.११% |

अनुसूची ४.२४ (क)

# राष्ट्र उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड
## जोखिम भारित सम्पत्ति बिवरण तालिका
## २०७८ साल असार मसान्त

(रु. हजारमा)

| | भार (%) | यस वर्ष | | गत वर्ष | |
|---|---|---|---|---|---|
| | | रकम | जोखिम भारित सम्पत्ति | रकम | जोखिम भारित सम्पत्ति |
| **(क) वासलात भित्रका सम्पत्तिहरू (On Balance Sheet Assets)** | | | | | |
| नगद मौज्दात | ०% | ५२० | - | ४४० | - |
| नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात | ०% | - | - | - | - |
| नेपाल सरकारको सुरक्षणपत्रमा गरिएको लगानी | ०% | - | - | - | - |
| नेपाल राष्ट्र बैंक ऋणपत्रमा गरेको लगानी | ०% | - | - | - | - |
| आफ्नै मुद्धति रसिदको धितोमा पूर्ण सुरक्षित हुने गरी प्रदान गरेको मुद्धति रसीद धितो कर्जा | ०% | - | - | - | - |
| सरकारी सुरक्षणपत्रको धितोमा पूर्ण सुरक्षित हुने गरी प्रदान गरेको कर्जा | ०% | - | - | - | - |
| सरकारी सुरक्षणपत्रको पाउनु पर्ने व्याज रकम (Accured Interest) | ०% | - | - | - | - |
| बैंक तथा वित्तीय संस्थाहरूमा रहेको मौज्दात/ मुद्दति रसिदको दावी (Claims) | २०% | ५३३,२७२ | १०६,६५४ | २४६,९०६ | ४९,३८१ |
| मागेको बखत प्राप्त हुने रकम (Money at Call) | २०% | - | - | - | - |
| अन्तर बैंक/संस्था सापटी | २०% | - | - | - | - |
| शेयर डिवेञ्चर एवं बन्डमा भएको लगानी | १००% | १० | १० | १० | १० |
| अन्य लगानीहरू | १००% | २८,००० | २८,००० | २८,००० | २८,००० |
| कर्जा, सापट (कुल रकम) | १००% | २,६१५,८९४ | २,६१५,८९४ | १,३०७,३८८ | १,३०७,३८८ |
| स्थिर सम्पत्तिहरू | १००% | १९,३६२ | १९,३६२ | २०,०८६ | २०,०८६ |
| पाउनुपर्ने अन्य खुद ब्याज रकम (कुल पाउनु पर्ने ब्याज-सरकारी ऋण तथा वचत पत्रको ब्याज-ब्याज मुल्तवी) | १००% | - | - | - | - |
| अन्य सबै सम्पत्तिहरू(खुद अग्रीम कर दाखिला वाहेक) | १००% | १२,८४१ | १२,८४१ | ८,८५३ | ८,८५३ |
| **(क) जम्मा** | | **३,२०९,८९९** | **२,७८२,७६१** | **१,६११,६८३** | **१,४१३,७१८** |
| **ख) वासलात बाहिरका कारोवारहरू (Off-Balance Sheet Items)** | | | | | |
| जमानत | १००% | - | - | - | - |
| अपरीवर्त्य कर्जा प्रतिवद्धता (Irrevocable Loan Commitment) | १००% | - | - | - | - |
| आयकर वापत सम्भावित दायित्व | १००% | - | - | - | - |
| Acceptance सहित अन्य सबै प्रकारका सम्भावित दायित्वहरू | १००% | - | - | - | - |
| चुक्ता वा भुक्तान हुन बाँकी शेयर लगानी | १००% | - | - | - | - |
| भुक्तानीको लागि दावी परेको जमानत | २००% | - | - | - | - |
| संस्थाउपर दावी परेको तर संस्थाले दायित्व स्वीकार नगरेको दायित्वहरू | २००% | - | - | - | - |
| **(ख) जम्मा** | | - | - | - | - |
| **ग) संचालन जोखीम वापत** | **१००%** | ६४,१९८ | ६४,१९८ | ३२,२३४ | ३२,२३४ |
| **कुल जोखिम भारित सम्पत्तिको जम्मा (क)+(ख)+(ग)** | | **३,२७४,०९७** | **२,८४६,९५९** | **१,६४३,९१७** | **१,४४५,९५२** |

अनूसुची ४.२५

# राष्ट्र उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड
## प्रमुख सूचकाँङ्क
## परिसूचक

| विवरण | सूचकाङ्क | आ.व. २०७३/७४ | आ.व. २०७४/७५ | आ.व. २०७५/७६ | आ.व. २०७६/७७ | आ.व. २०७७/७८ |
|---|---|---|---|---|---|---|
| १. खुद नाफा/कुल आम्दानी प्रतिशत | प्रतिशत | - | - | १०.३४% | ७.११% | १३.७८% |
| २. प्रति शेयर आम्दानी | रु. | - | - | ५.३६ | ९.४६ | २६.९२ |
| ३. प्रति शेयर बजार मूल्य | रु. | - | - | - | - | - |
| ४.मूल्य आम्दानी अनुपात (PE Ratio) | अनुपात | - | - | - | - | - |
| ५.शेयर पूँजीमा लाभांश (वोनस सहित) | प्रतिशत | - | - | - | - | ०.००% |
| ६. शेयर पूँजीमा नगद लाभांस भुक्तानी | प्रतिशत | - | - | - | - | ०.००% |
| ७. ब्याज आम्दानी /कर्जा तथा सापट | प्रतिशत | - | - | ८.२७% | १६.६६% | १४.३५% |
| ८.कर्मचारी खर्च/कुल सञ्चालन खर्च | प्रतिशत | - | - | ६६.७८% | ६९.०२% | ६८.०१% |
| ९.कुल निक्षेप तथा सापटीमा ब्याज खर्च | प्रतिशत | - | - | ४.०९% | ७.९७% | ४.९२% |
| १०.सटही घटबढ आम्दानी/कुल आम्दानी | प्रतिशत | - | - | - | - | - |
| ११.कर्मचारी बोनस/कुल कर्मचारी खर्च | प्रतिशत | - | - | ३.३७% | ३.०९% | ७.२४% |
| १२.खुद नाफा/कर्जा सापट | प्रतिशत | - | - | ०.९४% | १.४३% | २.४०% |
| १३.खुद नाफा/कुल सम्पत्ति | अनुपात | - | - | ०.००७ | ०.०१२ | ०.०२० |
| १४.कुल कर्जा/निक्षेप | प्रतिशत | - | - | २०२.५०% | २११.२५% | ४०८.३२% |
| १५.कुल सञ्चालन खर्च/कुल सम्पत्ति | प्रतिशत | - | - | ३.१२% | ८.३१% | ६.३०% |
| **१६.जोखिम भारित सम्पत्तिमा पूँजीकोषको पर्याप्तता** | | - | - | | | |
| (क) प्राथमिक पूँजी | प्रतिशत | - | - | १७.४९% | १४.११% | ८.७४% |
| (ख) पूरक पूँजी | प्रतिशत | - | - | ०.९०% | ०.३३% | ०.५९% |
| (ग) कुल पूँजी कोष | प्रतिशत | - | - | १८.४०% | १४.४३% | ९.३३% |
| १७.तरलता (CRR) | अनुपात | - | - | ०.५७% | ०.५४% | ०.५८% |
| १८.निष्कृय कर्जा/कुल कर्जा | प्रतिशत | - | - | ०.८५% | १.१७% | १.२१% |
| १९. ब्याज दर अन्तर (Weighted Average Interest Rate Spread) | | - | - | ४.१७% | ८.६९% | ९.४३% |
| २०. बुक नेटवर्थ | रु. | - | - | २३२,३३७,९८३.३५ | २४७,७४१,६४५ | २९२,९९९,६०६ |
| २१. कुल शेयर | संख्या | - | - | १,७५०,००० | १,७५०,००० | १,७५०,००० |
| २२. कुल कर्मचारी | संख्या | - | - | १६८ | २१८ | ३०८ |
| २३. अन्य | | - | - | - | - | - |

अनुसूची ४.२६

# राष्ट्र उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड
## सांगा, बनेपा- १३, काभ्रे
## प्रमुख लेखा नीतिहरू

### १. सामान्य जानकारी

नेपाल सरकार उद्योग मन्त्रालय कम्पनी रजिष्ट्रारको कार्यालयमा कम्पनी ऐन, २०६३ बमोजिम मिति २०७५/०६/१४ मा पब्लिक लिमिटेड कम्पनीको रुपमा दर्ता भई "राष्ट्र उत्थान लघुवित्त वित्तीय संस्था लि." (यसपछि वित्तीय संस्था भनिने) नामक बनेपा-१३, साँगा काभ्रेपलाञ्चोक अवस्थित राष्ट्रियस्तर कार्यक्षेत्र भएको "घ" वर्गको वित्तीय संस्थाको रुपमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ४९ को उपदफा (४) तथा नेपाल राष्ट्र बैंकबाट जारी निर्देशन एवं शर्तहरूको अधीनमा रही वित्तीय कारोवार सञ्चालन गर्न सोही ऐनको दफा ३४ ले दिएको अधिकार प्रयोग गरी मिति २०७५/१०/१६ मा इजाजतपत्र प्राप्त गरेको साथै सोही पत्रबाट राष्ट्र बैंकले गै.स.स. हरू (FI-NGOs) लाई लघुवित्त वित्तीय संस्थामा रुपान्तरण गर्नुपर्ने प्रावधान बमोजिम, नेपाल ग्रामीण विकास संस्थाको लघुवित्त परियोजना अर्न्तगतको कारोवार यस राष्ट्र उत्थान लघुवित्त वित्तीय संस्था लि.मा समायोजन गर्न अनुमति दिए पश्चात् मिति २०७५/११/८ का दिन देखि उक्त संस्थाको सम्पत्ती तथा दायित्व यस राष्ट्र उत्थान लघुवित्त वित्तीय संस्था लि. मा हस्तानान्तरण गरी ऐ. संस्थाको नामबाट विधिवत् कारोबार शुरु भएको हो । यस लघुवित्त वित्तीय संस्थाले न्यून आय भएका वा विपन्न वर्गका लक्षित ग्राहक सदस्यहरूलाई लघुकर्जा प्रवाह गर्दै आएको छ । यस लघुवित्त वित्तीय संस्थाको संलग्न वित्तीय विवरणहरू प्रकाशन/जारी गर्नका लागि मिति २०७८/०६/२४ मा बसेको सञ्चालक समितिको बैठकबाट पारित गरिएको छ । नेपाल लेखामान अनुरुप यथार्थ र उचित चित्रण गर्ने वित्तीय विवरणहरू तयार एवं प्रस्तुत गर्ने जिम्मेवारी व्यवस्थापनमा रहेको छ ।

### २. प्रमुख लेखा नीतिहरूको सारांश

यस वित्तीय संस्थाको आर्थिक विवरणहरू लेखाका सर्वमान्य सिद्धान्त, कम्पनी ऐन, नेपाल लेखामान, नेपाल राष्ट्र बैंकले जारी गरेका निर्देशनहरू, परिपत्रहरू, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ अनुसार तयार पारिएका छन् ।वित्तीय विवरणहरू तयार पार्दा आधार मानिएका सर्वमान्य लेखा नीतिहरू तल उल्लेख गरिएका छन् । अन्यथा लेखिएकोमा बाहेक यी नीतिहरूको पालना निरन्तर रुपमा गरिएको छ ।

### ३. लेखा सम्बन्धी अवधारणा

संलग्न वित्तीय विवरणहरूमा अन्यथा उल्लेख भएका अवस्थाहरूमा बाहेक नेपाल लेखामान बोर्डद्वारा जारी गरिएका मापदण्डहरू, लेखाका सर्वमान्य सिद्धान्तहरू बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, नेपाल राष्ट्र बैंकद्वारा जारी गरिएका निर्देशनहरू तथा कम्पनी ऐनको अधिनमा रही तयार गरिएको छ ।

### ४. लेखाङ्कनको आधार

वित्तीय विवरणहरू ऐतिहासिक लागतको आधारमा तयार गरिएको छ र नेपाली रुपैयाँ (रु.) मा देखाइएको छ । वित्तीय विवरण तयार गर्दा नेपाल लेखा मापदण्डहरू तथा लेखाका सर्वमान्य सिद्धान्तहरू अबलम्बन गरिएको छ ।

### ५. ब्याज आम्दानी

कर्जा तथा सापटीमा प्राप्त हुने ब्याज नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार नगद प्राप्तिको आधारमा लेखाङ्कन गरिएको छ । यसरी ब्याज आयलाई नगद प्राप्तिको आधारमा लेखाङ्कन गर्नु नेपाल लेखामान (आयको लेखाङ्कन) को "आयलाई पाकेको आधारमा लेखाङ्कन गर्नुपर्ने" सिद्धान्त अनुरुप छैन । लगानीबाट आर्जित ब्याज आम्दानीलाई पाकेको आधारमा लेखाङ्कन गरिएको छ ।

### ५.१ कर्जाको साँवा तथा ब्याज असुल गर्ने व्यवस्था

सम्बन्धित ऋणीबाट रकम असुलउपर गर्दा त्यस्तो असुल रकममध्येबाट सर्वप्रथम असुल उपर गर्नुपर्ने ब्याज रकम सम्पूर्ण रुपमा असुलउपर भएपछिको अवस्थामा मात्र बाँकी रकम साँवामा आवश्यक हिसाव मिलान गर्ने गरिएको छ ।

### ६. कमिशन आय

सबै कमिशन आयलाई पाकेको आधारमा लेखाङ्कन गरिएको छ ।

### ७. ब्याज खर्च

निक्षेप दायित्व तथा वित्तीय संस्थाले लिएको सापटीमा भुक्तानी गर्नुपर्ने ब्याजलाई पाकेको आधारमा लेखाङ्कन गरिएको छ ।

### ८. कर्जा

यस शीर्षकमा नेपाल राष्ट्र बैंकले लघुवित्त वित्तीय संस्थाहरूलाई तोकिएको निर्देशनको सीमा भित्र रहेर ग्राहक सदस्यहरूलाई प्रदान गरिने कर्जाहरू रहेका छन् । कर्जा सापटको वर्गीकरण नेपाल राष्ट्र बैंकको निर्देशनको अधिनमा रही गरिएको छ । उपरोक्त कर्जा सापट रकमबाट कर्जा नोक्सानी व्यवस्था घटाई खूद रकम मात्र वासलातमा देखाइएको छ ।

### ९. कर्मचारी कर्जा

वित्तीय संस्थाका नियमहरूको अधिनमा रही कर्मचारीहरूलाई प्रदान गरिएका कर्जा तथा सापटीहरू “अन्य सम्पत्तिहरू” शीर्षक अन्तर्गत देखाइएको छ ।

### १०. कर्जा नोक्सानी व्यवस्था

नेपाल राष्ट्र बैंकको निर्देशन भित्र रहेर वित्तीय संस्थाले कर्जा नोक्सानी व्यवस्थाको लागि खर्च लेखि कर्जा नोक्सानी व्यवस्था हिसाबमा लेखांकन गरिएको छ ।

### ११. अपलेखन

संस्थाको कर्जा अपलेखन कार्यविधि र आर्थिक प्रशासन विनियमावली बमोजिम अपलेखन सम्बन्धी कार्य गर्ने नीति रहेको छ ।

### १२. लगानी

लगानीलाई लागत मूल्य र बजार मूल्यमध्ये जुन कम छ त्यसमा लेखाङ्कन गर्ने नीति लिएकोछ ।

### १३. स्थिर सम्पत्ति तथा ह्रासकट्टी

(क) बैंकको स्थीर सम्पत्तिहरूलाई ऐतिहासिक लागत अवधारणाको आधारमा, सम्पत्ति खरिद सँग सम्बद्ध अन्य खर्चहरू समेत सोही स्थिर सम्पत्तिमा समावेश गरी पूँजीकरण गरिएको छ ।

(ख) अदृश्य सम्पत्ति (Intangible Assets)लाई भने ५ वर्ष भित्र समानुपातिक ढंगले खर्च लेख्ने गरिएको छ ।

(ग) स्थिर सम्पत्तिको ह्रासकट्टी घट्दो ह्रासकट्टी दर प्रणाली (Written Down Value Method) अनुसार आयकर ऐन २०५८ मा तोकिएको निम्न लिखित दरमा बुँदा १४(ग) लाई समेत आधार लिई गरिएको छ ।

| सम्पत्तिको वर्ग | ह्रासकट्टी दर |
|---|---|
| फर्निचर | २५% |
| कार्यालय सञ्चालन उपकरण | १५% र २५% |
| कम्प्युटर | २५% |
| सवारी साधन | २०% |

(घ) चालु आर्थिक वर्षमा खरिद एवम् लेखाङ्कन गरी प्रयोगमा ल्याइएका स्थिर सम्पत्तिको ह्रासकट्टी आयकर ऐनको व्यवस्था बमोजिम पौषसम्मको खरिदमा उल्लेखित दरको सत् प्रतिशत, माघ-चैत्रको खरिदमा ६६.६६ प्रतिशत र बैशाख-आषाढको खरिदमा ३३.३३ प्रतिशत खर्च लेख्ने व्यवस्था गरिएको छ । बिक्री तथा अपलेखन गरिएको स्थिर सम्पत्तिको हकमा बिक्री तथा अपलेखन हुनुभन्दा अगाडिको खाताबन्दीसम्म ह्रासकट्टी गरिएको छ ।

(ङ) रू.५,०००/- भन्दा कम मूल्यमा खरिद गरिएका कुनै पनि स्थिर सम्पत्ति सोही वर्षमा खर्च लेख्ने व्यवस्था गरिएको छ ।

(च) स्थिर सम्पत्तिलाई ह्रासकट्टी पश्चात् देखाइएको छ ।

### १४. उपदान व्यवस्था

यस वित्तीय संस्थाको कर्मचारी सेवा विनियमावली २०७५ बमोजिम उपदान दिने व्यवस्था गरिएको छ ।

### १५. कर्मचारी बिदा वापतको भुक्तानी

यस वित्तीय संस्थाको कर्मचारी सेवा विनियमावली, २०७५ बमोजिम संचित विदाको भूक्तानीको लागि रकम व्यवस्था गरिएकोछ ।

### १६. औषधी उपचार वापतको रकम

औषधी उपचार वापतको रकम हरेक वर्षको वैशाख महिनामा हिसाब गरी कर्मचारीलाई भूक्तानी गर्ने गरिएकोछ ।

### १७. साधारण जगेडा कोष

बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ बमोजिम खूद मुनाफाको २० प्रतिशत रकम बराबर साधारण जगेडा कोषमा जम्मा गरिएको छ ।

### १८. मसलन्द सम्वन्धी व्यबस्था

खरीद तथा छपाई मसलन्दलाई स्टोर दाखिला गरी मसलन्द हिसावमा राखी निकासा तथा खर्च गर्ने गरिएको छ । साथै मसलन्द निकासा गर्दा साधारणतया पहिले खरीद गरिएको सामानको पहिले निकासा गर्ने गरिएको छ ।

### १९. आयकर व्यवस्था

आयकर व्यवस्थाको लागि वित्तीय संस्थाको खूद मुनाफामा आएकर ऐन र सो ऐन अन्तर्गत बनेको नियमावली बमोजिम खर्च, आम्दानीमा आवश्यक थपघट गरी आय निर्धारण गरी आयकर व्यवस्था गरिएको छ । व्यवस्था गरिएको रकम बढी वा घटी हुन गएमा कर निर्धारण भएको वर्षमा नै नाफा/नोक्सान हिसाबमा समायोजन गर्ने गरिन्छ । साथै, नेपाल लेखामान मापदण्डले व्यवस्था गरे वमोजिम स्थगन कर लेखांकन गर्ने गरिएको छ ।

### २०. ब्याज गणना गर्ने विधि

निक्षेप तथा सापटीमा ब्याज खर्च, कर्जा तथा लगानीमा हुने ब्याज आम्दानीलाई वर्षको ३६५ दिनको आधारमा गणना गरिएको छ ।

### २१. कर्मचारी तालिम दक्षता अभिवृद्धि कोष

नेपाल राष्ट्र बैंकको निर्देशनको अधिन रही आफ्नो कर्मचारीको दक्षता अभिवृद्धि गर्नको लागी प्रत्येक अघिल्लो आर्थिक वर्षको कुल कर्मचारी खर्चको ३ प्रतिशत रकम तालिम तथा दक्षता अभिवृद्धि खर्च गर्ने व्यवस्था गरिएको छ ।

अनुसूची ४.२७

# राष्ट्र उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड
## सांगा, बनेपा- १३, काभ्रे
## लेखा सम्बन्धी टिप्पणीहरू

**१. साधारण जगेडा कोषः**

बैंक तथा वित्तीय संस्था सम्बधी ऐन २०७३ दफा ४४(१)अनुसार आयकर पछाडिको खुद मुनाफाको २० प्रतिशतले हुने रकम रु.९४,२१,८५१/-साधारण जगेडाकोषमा रकमान्तर गरिएको छ ।

**२. कर्जा तथा सापटको विवरणः**

कम्पनीको आ.व. २०७७/७८ मा वितरण भएको कर्जा र असुलीको विवरण यस प्रकार रहेको छ ।

| विवरण | रकम रु. |
|---|---|
| कर्जा रकम आ.व २०७६/७७ | १,३०,७३,८८,४२९/- |
| कर्जा प्रवाह (यसवर्ष) | ३,३६,४३,१४,३१०/- |
| कर्जा असुली(यसवर्ष) | २,०५,५८,०९,१५२/- |
| जम्मा कर्जा बांकी | २,६१,५८,९३,५८७/- |

**३. निक्षेप दायित्वको विवरणः**

कम्पनीको आ.व. २०७७/७८ मा वितरण भएको निक्षेप दायित्वको विवरण यस प्रकार रहेको छ ।

| विवरण | रकम रु. |
|---|---|
| बचत रकम आ.व २०७६/७७ | ६१,८८,९४,७१३/- |
| वचत संकलन(यस वर्ष) | ६०,४२,२३,५८७/- |
| वचत फिर्ता(यस वर्ष) | ५८,२४,६७,९४४/- |
| जम्मा वचत बांकी | ६४,०६,५०,३५६/- |

**४. निक्षेप र कर्जा भारित औषत खुद ब्याजदर(Weighted Average Interest Rate Spread)**

निक्षेप र कर्जामा भारित औषत खुद ब्याजदर ९.४३ प्रतिशत रहेको छ । विस्तृत विवरण तपसिल बमोजिम रहेको छ ।

| क.सं | विवरण | व्याज खर्च/आम्दानी | औषत कर्जा/निक्षेप तथा सापट | दर |
|---|---|---|---|---|
| **क.** | **औषत व्याजदर कर्जामा** | **२८१,४०७,९१३** | **१,९६१,६४१,००८** | **१४.३५%** |
| **ख.** | **औषत व्याजदर निक्षेप तथा सापटमा** | | | |
| ख.१ | निक्षेपमा | २९,४३०,११५ | ६२९,७७२,५३५ | ४.६७% |
| ख.२ | सापटमा | ७१,००३,७२६ | १,४१३,४३२,१२५ | ५.०२% |
| **औषत व्याजदर निक्षेप तथा सापटमा** | | **१००,४३३,८४१** | **२,०४३,२०४,६६०** | **४.९२%** |
| **ग. खुद औसत (क-ख)** | | | | **९.४३%** |

**५. कर्जा तथा सम्पति अपलेखनको विवरणः**

यस वर्ष संस्थाको निर्णय बमोजिम रु १६,८७,७४८/-बराबरको कर्जा अपलेखन गरिएको छ ।विगत ५ वर्ष अघि संस्था रुपान्तरण हुनु अगावै कर्जाको सांवा व्याज नवुझाई वेपत्ता भएका ऋणीहरू तथा सदस्यहरूसंग उठनुपर्ने रिसिभेवल रकम नउठेको हुंदा विभिन्न शाखाकोकर्जा अन्तर्गत रु १३,२३,८०५/- र सदस्यबाट पाउनुपर्ने हिसाव रिसेभल रकम अर्न्तगत रु.३,६३,९४३/- बराबरको रकम अपलेखन गरी लेखाङ्कन गरिएको छ ।

## ६. जोखिम अधिकेन्द्रकरणको बिवरण:

जोखिम अधिकेन्द्रकरणको बिवरण निम्नबमोजिम रहेको छ ।

| विवरण | कर्जा सापट | निक्षेप |
|---|---|---|
| रकम २०७८ आषाढ मसान्त | २,६१,५८,९३,५८७/- | ६४,०६,५०,३५६/- |
| एक व्यक्ति उच्चतम रकम | १५,००,०००/- | ६,६१,२१३/- |
| एक व्यक्ति उच्चतम प्रतिशत | ०.१५ | ०.०६ |

## ७. सम्पत्ति तथा दायित्वको अन्तराल सम्बन्धी विवरण:

तरलता सम्बन्धी जोखिम न्युनीकरण गर्न वित्तीय संस्थाले आफ्नो दायित्व तथा सम्पत्तिलाई भुक्तानी अवधि( Maturity Period) को आधारमा विभिन्न समय अन्तरालमा वर्गीकरण गर्नुपर्ने सम्बन्धमा नेपाल राष्ट्र बैंकबाट दिएको निर्देशन तथा सोद्धारा विभिन्न समयमा जारी गरिएका परिपत्र अनुरुप सम्पत्ति तथा दायित्वको वर्गीकरण गरिएको छ ।

## ८. आफ्नै धितो सुरक्षणमा लिएको कर्जा तथा सापटीको रकम

वित्तीय संस्थाले आफ्नो सम्पत्ति धितो सुरक्षण राखी कुनै कर्जा लिएको छैन ।

## ९. गैर बैकिङ्ग सम्पत्ति सम्बन्धी विवरण:

नेपाल ग्रामिण विकास संस्थाका पुर्व कर्मचारी अरविन्द झाबाट उक्त संस्थाले नामसारी गरिलिएको जग्गा हाल यस वित्तीय संस्थाको नाममा मिति २०७६/१०/२१मा नामसारी भइसकेको छ । यस सम्पत्तिको सत्प्रतिशत रकम रु १,३३५,७५९/- नोक्सानी व्यवस्था गरिएको छ ।उक्त जग्गा लिलाम गरी लेना रकम असूल गर्न २ पटक सूचना प्रकाशित गरेतापनी हाल कोरोना (कोभिड-१९) को कारण विक्री हुन नसकेको हुंदाआ.व.२०७८/०७९ भित्रमा पुनः लिलामी सूचना प्रकाशित गरी विकी गरी असूल उपर गरिनेछ ।

## १०. पाउनुपर्ने हिसाब :

साविक नेपाल ग्रामीण विकास संस्थाका कर्मचारीहरूले व्यक्तिगत रुपमा चलाएको उठ्न बाकी रकम (प्रक्रियामा रहेको) तथा सदस्यहरूबाट उठ्न बाकी रकम निम्न बमोजिम रहेको छ । सो मध्येसदस्यहरूबाट उठ्न बांकी रकम अर्न्तगतगत आ.व.मा बांकी रकम रु. ५,९९,१६३/- रहेकोमा यस आ.व.मा रु.६९,६५९/- असूल उपर भएको र रु.३,६३,९४३ अपलेखन गरी रु. १,६५,५६१/-उठ्न बांकीरहेको छ ।उक्त रकमको सत्प्रतिशत रकम नोक्सानी व्यवस्था गरिएको छ ।

| कर्मचारीको नाम | रकम रु |
|---|---|
| किशोर क्षेत्री | ८,८८,९७९/- |
| रमेश राज पन्त | २,७८,६८३/- |
| उठ्न बाकी रकम | १,६५,५६१/- |
| **जम्मा** | **१३,३३,२२३/-** |

## ११. पूँजीको विस्तृत विवरण:

आ.व. २०७७/७८ को वित्तीय विवरणमा रहेको पुँजीको विवरण निम्न बमोजिम रहेको छ ।

| पूँजी | रकम रु |
|---|---|
| अधिकृत पूँजी | ५०,००,००,०००/- |
| जारी पूँजी | २६,००,००,०००/- |
| चूक्ता पूँजी | १७,५०,००,००० /- |

## १२. लिजहोल्ड सम्पत्तिको विवरण:

यस आ.व. मा वित्तीय संस्थाबाट लिजहोल्ड सम्पत्तिमा लगानी भएको छैन ।

## १३. लगानीको विवरण

यस वित्तीय संस्थाले अल्पकालिन मुद्धती निक्षेप बाहेक अन्यमा लगानी गरेको छैन । तर ग्राहक संरक्षण कोषमा रहेको रकम भने १ वर्षे मुद्दती निक्षेपमा राखिएको छ ।

**१४. २०७८ आषाढ मसान्त सम्मको संभावित कर्जा नोक्सानी व्यवस्था विवरण:**

**क)**

| विवरण | रकम रु. |
|---|---|
| शुरु मौज्दात रकम | १,६०,०३,३९५/- |
| यस वर्षको थप व्यवस्था | १,६१,६३,६३१/- |
| यस वर्षको कर्जा रकम रु. २,६१,५८,९३,५८७ बाट रु. २,६०,०३,८४,२४५घटाई रु. १,५५,०९,३४२ को २ प्रतिशतले हुन आउने अत्तिरिक्त व्यवस्था रकम (कर्जा सूचना केन्द्रको २०७८ असार मसान्तको रिपोर्ट अनुसार) | ३,१०,१८७/- |
| यस वर्षको नोक्सानी व्यवस्था फिर्ता | १७,९९,८६७/- |
| २०७८ आषाढ मसान्तको जम्मा रकम | ३,०६,७७,३४७/- |

**ख) नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम असल कर्जामा (विमित र अविमित) १.३ प्रतिशतले नोक्सानी व्यवस्था निम्न बमोजिम गरिएको छ ।**

| सि.नं | असल कर्जा विवरण | | जम्मा असल कर्जा | प्रतिशत | कर्जा नोक्सानी व्यवस्था | | जम्मा कर्जा नोक्सानी व्यवस्था |
|---|---|---|---|---|---|---|---|
| | विमित रकम | अविमित रकम | | | विमित कर्जाको लागि | अविमित कर्जाको लागि | |
| १ | १,७५,३४,८५,७१४ | ८३,०५,३६,३९८ | २,५८,४०,२२,११२ | १.३० | ५६,९८,८४० | १,०७,९६,९७३ | १,६४,९५,८१३ |

**ग) कोभिड-१९ को असर न्यूनिकरण गर्न नेपाल राष्ट्र बैंकबाट जारी निर्देशनहरूको यस वित्तीय संस्थाले पूर्ण पालना गरेकोछ ।**

**उक्त निर्देशनहरू मार्फत प्रदान भएका Forbearance/relaxation सम्बन्धको विवरण टेवल नं १**

| Particulars | As of Asadh end 2078 | |
|---|---|---|
| | No. of Customers | Amount (NRs.) |
| Accrued Interest Received after Ashadh end 2078 till 15 Bhadra 2078 | – | – |
| Additional 0.3% Loan Loss Provision Created on Pass Loan Portfolio | 34,888 | 38,06,734.74 |
| Extension of moratorium period of loan provided to Industry of Project under construction | - | - |
| Restructured/ Rescheduled Loan with 5% Loan Loss Provision | - | - |
| Enhancement of Working Capital Loan by 20% to COVID affected borrowers | - | - |
| Enhancement of Term Loan by 10% to COVID affected borrowers | - | - |
| Expiry Date of Additional 20% Working Capital Loan (COVID Loan) extended for upto 1 year with 5% Provisioning | - | - |
| Expiry Date of Additional 10% Term Loan (COVID Loan) extended for upto 1 year with 5% Provisioning | - | - |
| Time Extension Provided for repayment of Principal and Interest for upto two years as per clause 41 of NRB Directives 2 | - | - |

**पुनर्कर्जा र Business Continuity कर्जाको विवरण टेवल नं २**

| Particulars | | |
|---|---|---|
| | No. of Customers | Amount (NRs.) |
| Refinance Loan | – | – |
| Business Continuity Loan | – | – |

**सहुलियत कर्जाको विवरण टेवल नं ३**

| Particulars | During FY 2077/2078 | |
|---|---|---|
| | No. of Customers | Amount (NRs.) |
| Subsidized Loan | – | – |

## १५. २०७८ आषाढ मसान्त सम्मको व्याज मूल्तवी हिसाव विवरण :

वाासलातको मितिमा कर्जा तथा सापटमा पाकेको तर प्राप्त नभएको ब्याज मूल्तवी खातामा रु. २,००,३९,५८९/- रहेका छ ।

## १६. आयकर

### (क) यस वर्षको आयकर

यस वर्ष आयकर ऐन, २०५८ अनुसार रू.२,०५,९१,५१९/-आयकर व्यवस्था गरिएको छ ।आय व्यय हिसावको खुद आय र कर योग्य आयको हिसाव मिलान विवरण (Reconcilation of Taxable Profit and Net Profit as per Financial Statement) निम्न बमोजिम रहेको छ ।

| | |
|---|---|
| आय व्यय हिसाव अनुसारको खुद आय रु. (कर्मचारी वोनस व्यवस्था अघिको) | ७४,४११,८३७ |
| घटाऊ : कर्मचारी बोनस व्यवस्था | ७,४४१,१८४ |
| **आय व्यय हिसाव अनुसारको खुद आय रु. (कर्मचारी वोनस व्यवस्था पछिको)** | **६६,९७०,६५३** |
| **घटाऊ : आय व्यय हिसावमा लेखिएको तर आयकर ऐन अनुसार कर नलाग्ने आम्दानी:** | |
| अन्य सम्पतत्तिमा गरिएको नोक्सानी व्यवस्थावाट फिर्ता | ४३३,६०२ |
| कर्जा नोक्सानी व्यवस्थाबाट फिर्ता | (१४,६७३,९५२) |
| **जम्मा** | **(१४,२४०,३५०)** |
| **जोड : आय व्यय हिसावमा लेखिएको तर आयकर ऐन अनुसार कट्टी गर्न नपाउने खर्च:** | |
| सम्पत्ति विक्रीबाट घाटा | १८,१७४ |
| कर्मचारी उपदान व्यवस्था | १,०७१,२०५ |
| बिदा वापतको व्यवस्था | ४,११९,६४९ |
| लेखा अनुसार ह्रास कट्टी | ५,५३६,८२५ |
| मर्मत तथा सम्भार खर्च | १,०९४,८३४ |
| **जम्मा** | **११,८४०,६८६** |
| **घटाऊ : आयकर ऐन अनुसार कट्टी गर्न पाउने खर्च:** | |
| ग्राहक संरक्षण कोषबाट खर्च | ६,९८०,४६७ |
| कर्मचारी उपदान खर्च | ६८८,२३१ |
| बिदा वापतको व्यवस्था | १२२,२७८ |
| आयकर ऐन अनुसार मर्मत सम्भार खर्च | १,०९४,८३४ |
| आयकर ऐन अनुसार लेखा अनुसार ह्रासकट्टी | ५,६३१,९५८ |
| **जम्मा** | **१४,५१७,७६८** |
| **जोड : आयकर ऐन अनुसार कर लाग्ने आम्दानी:** | |
| कर्जा नोक्सानी व्यवस्थाबाट फिर्ता | (१४,६७३,९५२) |
| ग्राहक संरक्षण कोषबाट आय | ४,७७८,४२५ |
| **जम्मा** | **(९,८९५,५२६)** |

| | |
|---|---|
| **जम्मा कर योग्य आय** | **६८,६३८,३९५** |
| (क) जम्मा कर ३० प्रतिशत | २०,५९१,५१९ |
| (ख) इक्वीटीमा यस वर्षको कर व्यवस्था | (६६०,६१३) |
| इक्वीटीमा लेखाङ्कन गरिएको आम्दानी | ४,७७८,४२५ |
| इक्वीटीमा लेखाङ्कन गरिएको खर्च | ६,९८०,४६७ |
| (ग) नाफा नोक्सान हिसावमा यस वर्षको कर व्यवस्था (क - ख) | **२१,२५२,१३१** |

**(ख) स्थगन कर सम्पत्ति र दायित्व :**

२०७८ आषाढ मसान्तको स्थगन कर सम्पत्ति र दायित्व हिसाब निम्न बमोजिम रहेको छ ।

| विवरण | कितावी आधार | कर आधार | अस्थायी फरक | करको दर | स्थगन कर दायित्व/ सम्पत्ति |
|---|---|---|---|---|---|
| स्थिर सम्पत्ति | १,९३,६२,३४९ /- | २,०२,५४,४४८/- | ८,९२,०९९/- | ३०% | २,६७,६३०/- |
| कर्जा नोक्सानी व्यवस्था | ३,०३,६७,१६०/- | ३,०३,६७,१६०/- | - | ३०% | - |
| पाउनुपर्ने हिसाव | १३,३३,२२३/- | - | १३,३३,२२३/- | ३०% | ३,९९,९६७/- |
| विदा वापतको व्यवस्था | ३९,९७,३७०/- | - | ३९,९७,३७०/- | ३०% | ११,९९,२११/- |
| उपदान वापतको व्यवस्था | १,२१,९०,३४८/- | - | १,२१,९०,३४८/- | ३०% | ३६,५७,१०४/- |
| **जम्मा** | | | | | **५५२३९१२/-** |
| जम्मा स्थगन कर सम्पत्ति गत वर्षसम्म | | | | | ४१३३१७७/- |
| स्थगन कर आम्दानी/(खर्च) | | | | | १३,९०,७३५/- |

**१७. ग्राहक संरक्षण कोषः**

यस वित्तीय संस्थाले आफ्ना ग्राहक सदस्यहरूको व्यवसाय विकास तथा विस्तार एवं वित्तीय साक्षरता रव्यवसायिक सिपमूलक तालिमहरू, प्राकृतिक प्रकोपमा आवश्यक सहयोग तथा विभिन्न सुविधाहरू जस्तै सुत्केरी भत्ता, एकाघर परिवार (श्रीमान र छोराछोरी) को काजकृया खर्च लगायतका खर्चहरू यस कोषको संचालन कार्यविधि २०७६ बमोजिम गर्ने गरेको छ ।

| ग्राहक संरक्षण कोष आर्थिक वर्ष ०७७/०७८ | |
|---|---|
| **विवरण** | **रकम (रु.)** |
| गत आ.व. को अन्त्य सम्मको | ३६,१९४,८७५ |
| जोड : कोषको मौज्दातमा प्राप्त व्याज तथा दावी रकम | ४,७७८,४२५ |
| जोड : यस वष खुद मूनाफाको १ प्रतिशत कोषमा रकमान्तर | ४७१,०९३ |
| जोड : कोषबाट भएको खुद खर्चमा कर बचत | ६६०,६१३ |
| घटाऊ : यस वर्षको खर्च | (६,९८०,४६७) |
| **ग्राहक संरक्षण कोष अन्तिम मौज्दात** | **३५,१२४,५३८** |

**१८. संस्थागत सामाजिक उत्तरदायित्व कोषः**

संस्थागत सामाजिक उत्तरदायित्व कोषको हिसाब निम्न बमोजिम रहेको छ ।

| सामाजिक उत्तरदायित्व कोष आर्थिक वर्ष ०७७/०७८ | |
|---|---|
| **विवरण** | **रकम (रु.)** |
| गत आ.व. को अन्त्य सम्मको | २९९,८६६ |
| घटाऊ : यस वर्षको खर्च | (२९९,८६६) |
| **यस वर्षको अन्त्य सम्मको** | **०** |
| जोड : यस वष खुद मूनाफाको १ प्रतिशत कोषमा रकमान्तर | ४७१,०९३ |
| **सामाजिक उत्तरदायित्व कोष अन्तिम मौज्दात** | **४७१,०९३** |

**१९. वित्तीय संस्थाले विदेशी मुद्रा कारोबार** नगरेको **हुंदा सटही घटबढ समायोजन कोषको व्यवस्था गरेको छैन ।**

## २०. उपदान वापतको व्यवस्था

यस वर्षको उपदान वापतको रकम निम्न बमोजिम हिसाब गरी अनुसूची ४.६ मा समेत देखाईएको छ ।

| क्र.सं. | विवरण | रकम |
|---|---|---|
| १ | शुरु मौज्दात रकम | १,१८,०७,३७४/- |
| २ | यस अवधिमा थप भएको | १०,७१,२०५/- |
| ३. | यस अवधिमा भूक्तानीभएको | ६,८८,२३१/- |
| | **बांकी जम्मा** | **१,२१,९०,३४८/-** |

## २१. प्रस्तावित बोनस शेयर र लाभांश

यस आ.व.मा कुनै पनि बोनस शेयर र लाभांश प्रस्ताव गरिएको छैन ।

## २२. व्याजदर छुट

विश्व महामारीको रुपमा फैलिएको संक्रामक कोरोना (कोभिड-१९) को दोश्रो लहरको रोकथाम गर्न गरिएको देशव्यापी निषेधाज्ञाको कारण सार्वजनिक यातायात, कलकारखाना, व्यापार व्यवसाय, कृषि, उद्यम, विद्यालय एवं निजी तथा सरकारी कार्यालय बन्द रही आम्दानीको श्रोत खुम्चिएका यस संस्थाका सदस्यहरूलाई राहत हेतु २०७८ आषाढ महिनासम्मको बुझाउनु पर्ने किस्ता/व्याज बुझाएमा बुझाएको व्याज रकममा ५ प्रतिशत छुट दिने संस्थाको निर्णय बमोजिम रु. १०,४६,२६९.५२ छुट दिइएको छ ।

## २३. कर्मचारी तालिम तथा दक्षता अभिवृद्धि

नेपाल राष्ट्र बैंकको निर्देशनको अधिन रही आफ्नो कर्मचारीको दक्षता अभिवृद्धि गर्नको लागी प्रत्येक अघिल्लो आर्थिक वर्षको कूल कर्मचारी खर्चको ३ प्रतिशत रकम तालिम तथा दक्षता अभिवृद्धिमा खर्च गर्नुपर्नेमा यस आ.व.मा कर्मचारी तालिम तथा दक्षता अभिवृद्धि खर्चमा ०.१४ प्रतिशत मात्रखर्च भएको तर विश्व महामारीको रुपमा फैलिएको कोरोना (कोभिड-१९) को कारण यस वर्ष उक्त कोषमा रकम रकमान्तर गर्न नपर्ने निर्देशन नेपाल राष्ट्र बैंकबाट भएको हुंदा सो कोषमा रकमान्तर गरिएको छैन ।

## २४. संचालक, प्रमुख कार्यकारी अधिकृत तथा व्यवस्थापकीय तहका कर्मचारीलाई भुक्तानी

तलब, भत्ता तथा अन्य सुविधा वापत प्रमुख कार्यकारी अधिकृतलाई रु २७,१०,००१/६८ भुक्तानी गरिएको छ ।

**संचालक तथा व्यवस्थापकीय तहका कर्मचारीहरूलाई गरिएको भुक्तानी विवरणः**

| कारोबार | जम्मा (रु) |
|---|---|
| संचालक बैठक भत्ता | १,६४,५००/- |
| संचालक अन्य बैठक खर्च | १९,६००/- |
| **व्यवस्थापकीय तहका कर्मचारीलाई भुक्तानी** | |
| पारिश्रमिक | ४३,४९,७५०/३६ |
| सापटी | २,१४,८३०/- |

## २५. सम्बन्धित पक्षवीचको कारोवार

यस वित्तीय संस्थाको सम्बन्धित पक्षवीचको कारोवार निम्न बमोजिम रहेको छ ।

| क्र.सं. | विवरण | रकम रु. |
|---|---|---|
| १. | राष्ट्रिय वाणिज्य बैंकबाट लिएको सापटी | २१,९९,९९,२१४.३६ |
| २. | राष्ट्रिय वाणिज्य बैंकलाई भुक्तानी गरेको व्याज | ८१,८७,२४१.४४ |
| ३. | राष्ट्रिय वाणिज्य बैंकमा रहेको मौज्दात | ४,१०,१६,३२७.६० |
| ४. | राष्ट्रिय वाणिज्य बैंकबाट प्राप्त व्याज आम्दानी | २४,८५६.६० |
| ५. | प्रभु बैंकबाट लिएको सापटी | १७,८५,७०,६३७.८० |
| ६. | प्रभु बैंकलाई गरेको व्याज भुक्तानी | ६७,७०,३७९.२३ |
| ७. | प्रभु बैंकमा रहेको मौज्दात | ६९,६२,३६५.०३ |
| ८. | प्रभु बैंकबाट प्राप्त व्याज आम्दानी | ८०,५४५.९८ |

**२६. अन्तरशाखा मौज्दात**

यस आ.व.मा अन्तरशाखा मौज्दात शुन्य रहेको छ।

**२७. न्यूनतम पुंजीकोष**

लघुवित्त वित्तीय संस्थाले आफ्नो कुल जोखिम भारित सम्पत्तिको आधारमा प्राथमिक पुंजी ४.०० प्रतिशत र कुल पुँजीकोष ८.०० प्रतिशत कायम गर्नु पर्नेछ। यस आ.व.मा संस्थाको प्राथमिक पुँजीकोष ८.७४ प्रतिशत र कुल पुँजीकोष ९.३३ प्रतिशत रहेको छ।

**२८. सञ्चित नाफा/नोक्सान**

यस वित्तीय संस्थाको गतआ.व. को संञ्चित मुनाफा रु.२,५६,९५,१२१/- रहेकोमाश्री नेपाल राष्ट्र बैंकबाट आर्थिक वर्ष ०७६/०७७ को वार्षिक वित्तीय विवरणहरू प्रकाशन गर्ने सम्बन्धमा दिएको निर्देशन बमोजिम सेन्टर फर माइक्रोफाइनान्स प्रा.लि.मा गरिएको शेयर लगानी रु. १०,०००/- लाई संचित मुनाफाबाट खर्च गरी लगानी समायोजन कोषमा जम्मा गरिएको र उक्त आ.व.को संचित मुनाफाबाट सो रकम घटाई रु.२,५६,८५,१२१/-बांकी रहेकोमा यस आ.व. मारु.३,६७,३५,२२०/- थप भई जम्मा संचित मुनाफारु.६,२४,३०,३४१/-पुगेको छ।

**२९.** वासलातको मिति पश्चात् बैंकको वित्तीय विवरणहरूलाई प्रभाव पार्ने गरी कुनै पनि महत्वपूर्ण घटनाहरू घटेको छैन।

**३०. शाखा विस्तार**

आ.व. २०७७/०७८ मा यस वित्तीय संस्थाले तपसिल बमोजिमशाखा कार्यालयहरू बिस्तार गरेको छ।

| सि.न. | शाखा/कार्यालयको नाम | ठेगाना |
|---|---|---|
| १ | फत्तेपुर शाखा कार्यालय | सप्तकोशी न.पा.-१, सप्तरी |
| २. | सखुवान शाखा कार्यालय | सखुवानन्करकट्टी गा.पा.-१, सिरहा |
| ३. | भारदेव शाखा कार्यालय | कोन्ज्योसोम गा.पा.-५, ललितपुर |
| ४. | मसुरिया शाखा कार्यालय | राप्ती गा.पा.-३, दांग |
| ५. | सत्तेरझोरा शाखा कार्यालय | गढी गा.पा.-६, सुनसरी |
| ६. | सिरुटार शाखा कार्यालय | सूर्यविनायक न.पा.-१ भक्तपुर |
| ७. | गोटीखेल शाखा कार्यालय | महाकांल गा.पा.-३, ललितपुर |
| ८. | जनकपुर शाखा कार्यालय | जनकपुरधाम उ.म.न.पा.-१, धनुषा |
| ९. | रानी-विराटनगर शाखा कार्यालय | विराटनगर म.न.पा.-१५, मोरङ |
| १०. | भट्टेडांडा शाखा कार्यालय | वाग्मती गा.पा.-३, ललितपुर |
| ११. | स्वर्गद्धारी शाखा कार्यालय | स्वर्गद्धारी न.पा.-३, प्युठान |
| १२. | गढवा शाखा कार्यालय | गढवा गा.पा.-४, दांग |
| १३. | आंवुखैरेनी शाखा कार्यालय | आंवुखैरेनी गा.पा.-४, तनहु |
| १४. | पुर्कोट शाखा कार्यालय | भानु न.पा.-८, तनहु |
| १५. | उदिपुर शाखा कार्यालय | बेंशिसहर न.पा.-१, लमजुङ |
| १६. | सूर्यपाल शाखा कार्यालय | मध्येनेपाल न.पा.-३, लमजुङ |
| १७. | च्याङली शाखा कार्यालय | पालुङटार न.पा.-७, गोरखा |
| १८. | क्यामिन शाखा कार्यालय | व्यास न.पा.-७, तनहु |

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन: ४४१२८२३
फ्याक्स नं. ४४१२२२४
E-mail : nrbmfpsd@nrb.org.np
Web site : www.nrb.org.np
पोष्टवक्स : ७३

# नेपाल राष्ट्र बैंक
## लघुवित्त संस्था सुपरिवेक्षण विभाग

पत्र संख्या: ल.वि.स.सु.वि./गैर-स्थलगत /राष्ट्र उत्थान/०७७/७८ /६६२ मिति : २०७८/०८/१५

श्री राष्ट्र उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड
साँगा, काभ्रेपलान्चोक ।

विषय : **वार्षिक वित्तीय विवरण प्रकाशित गर्ने स्वीकृति सम्बन्धमा ।**

महाशय,

त्यस संस्थाले पेश गरेको आर्थिक वर्ष २०७७/७८ को लेखापरीक्षण भएको वासलात, नाफा नोक्सान हिसाव, सोसँग सम्वन्धित अनुसूचीहरू, लेखापरीक्षकको प्रतिवेदन, लङ्गफर्म अडिट रिपोर्ट समेतका आधारमा गैर-स्थलगत सुपरिवेक्षण गर्दा देखिएका कैफियतहरूका सम्बन्धमा अन्य प्रचलित कानूनी व्यवस्था समेतको पालना गर्ने गरी देहायका निर्देशनहरु शेयरधनीहरुको जानकारीका लागि बार्षिक प्रतिवेदनको छुट्टै पानामा समावेश गरेर कार्यान्वयन गर्ने गरी एवम् आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरणहरु वार्षिक साधारणसभा प्रयोजनको लागि प्रकाशन गर्न स्वीकृति प्रदान गरिएको व्यहोरा निर्णयानुसार अनुरोध छ ।

१. यस बैंकबाट इजाजतपत्रप्राप्त "घ" वर्गका लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०७७ को निर्देशन नं. ११/०७७ को बुँदा नं. २ को उपबुँदा नं. २.२ र २.३ (क) मा भएको व्यवस्था बमोजीम कर्जा सम्बन्धी विवरण महिना भुक्तान भएको १५ दिनभित्र अद्यावधिक गर्नु हुन र कर्जा स्वीकृत गर्नु अगावै कर्जा सूचना केन्द्रबाट कर्जा सूचना लिनु हुन ।
२. यस बैंकबाट इजाजतपत्रप्राप्त "घ" वर्गका लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०७७ को निर्देशन नं. १८/०७७ को बुँदा नं.२ को उपबुँदा नं.२ अनुसार लघुवित्त संस्थाले आफ्नो कार्यप्रकृति बमोजिमको ग्राहक स्वीकार प्रकिया, ग्राहकको परिचय गर्ने प्रकिया, ग्राहकको कारोबारको अनुगमन प्रकिया र जोखिम व्यवस्थापन प्रकिया जस्ता विषयमा केन्द्रित भई आफ्नो ग्राहक पहिचान (Know your Customers) कार्यविधि तयार गर्नु हुन ।
३. यस बैंकबाट इजाजतपत्रप्राप्त "घ" वर्गका लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन २०७७ को निर्देशन नं. ६ को बुँदा नं. ६(२) बमोजिम गठन भएको लेखापरिक्षण समितिले उक्त निर्देशनमा भएको व्यवस्था बमोजिमको उत्तरदायित्व बहन गर्ने गरी सक्रिय गर्नु हुन ।
४. खराब कर्जा नियन्त्रण गर्न विशेष नीति तयार गरी यथाशिघ्र कार्यान्वयनमा ल्याउनुहुन ।
५. संस्थाको आन्तरिक लेखापरीक्षण र बाह्य लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएका थप अन्य कैफियतहरू पुनः नदोहोरिने गरी सुधार गर्नु हुन ।

भवदीय,

(नबिन तिमिल्सिना)
उप-निर्देशक

**बोधार्थ :** लघुवित्त संस्था सुपरिवेक्षण विभाग, कार्यान्वयन फाँट ।
बैंक तथा वित्तीय संस्था नियमन विभाग ।

# आ.व.२०७७/०७८ को वार्षिक वित्तीय विवरणहरू प्रकाशित गर्न एवं तेस्रो वार्षिक साधारणसभा गर्न नेपाल राष्ट्र बैंकको मिति २०७८/८/१५ को पत्रबाट स्वीकृत प्राप्त भएको र सो पत्रमा उल्लेख गरेका कैफियत उपर संचालक समितिको प्रतिकृया

## निर्देशन नं. १

यस बैंकबाट इजाजतपत्रप्राप्त "घ" वर्गका लघुवित्त वित्तीय संस्थाहरूलाई जारी गरिएको एकीकृत निर्देशन, २०७७ को निर्देशन नं. ११/०७७ को बुँदा नं. २ को उपबुँदा नं. २.२ र २.३ (क) मा भएको व्यवस्था बमोजीम कर्जा सम्बन्धी विवरण महिना भुक्तान भएको १५ दिनभित्र अद्यावधिक गर्नु हुन र कर्जा स्वीकृत गर्नु अगाबै कर्जा सूचना केन्द्रबाट कर्जा सूचना लिनु हुन ।

**प्रत्युत्तरः**

यस वित्तीय संस्थाले कर्जा सम्बन्धी विवरण महिना भूक्तान भएको १५ दिनभित्रै अद्यावधिक गरी सोको विवरण कर्जा सूचना केन्द्रमा नियमित रुपमा पठाउने गरिएको व्यहोरा अनुरोध गर्दै कर्जा स्वीकृत गर्नु अगावै कर्जा सूचना केन्द्रबाट कर्जा सूचना लिने गरिएको व्यहोरा अनुरोध छ ।

## निर्देशन नं. २

यस बैंकबाट इजाजतपत्र प्राप्त "घ" वर्गका लघुवित्त वित्तीय संस्थाहरूलाई जारी गरिएको एकीकृत निर्देशन, २०७७ को निर्देशन नं. १८/०७७ को बुँदा नं. २ को उपबुँदा नं. २ अनुसार लघुवित्त संस्थाले आफ्नो कार्यप्रकृति बमोजिमको ग्राहक स्वीकार प्रक्रिया, ग्राहकको परिचय गर्ने प्रकृया, ग्राहकको कारोबारको अनुगमन प्रकृया र जोखिम व्यवस्थापन प्रकृया जस्ता विषयमा केन्द्रित भई आफ्नो ग्राहक पहिचान (Know your Customers) कार्यविधि तयार गर्नु हुन ।

**प्रत्युत्तरः**

यस वित्तीय संस्थाको मिति २०७८/४/२९ मा सम्पन्न संचालक समितिको ५०औं बैठकबाट ग्राहक पहिचान (KYC) कार्यविधि, २०७८ स्वीकृत गरि लागू भैसकेको व्यहोरा अनुरोध छ ।

## निर्देशन नं. ३

यस बैंकबाट इजाजतपत्रप्राप्त "घ" वर्गका लघुवित्त वित्तीय संस्थाहरूलाई जारी गरिएको एकीकृत निर्देशन, २०७७ को निर्देशन नं. ६ को बुँदा नं. ६(२) बमोजिम गठन भएको लेखापरिक्षण समितिले उक्त निर्देशनमा भएको व्यवस्था बमोजिमको उत्तरदायित्व बहन गर्ने गरी सक्रिय गर्नु हुन ।

**प्रत्युत्तरः**

निर्देशनानुसार लेखापरीक्षण समितिबाट कार्य हुने व्यहोरा अनुरोध छ ।

## निर्देशन नं. ४

खराब कर्जा नियन्त्रण गर्न विशेष नीति तयार गरी यथाशिध्र कार्यान्वयनमा ल्याउनुहुन ।

**प्रत्युत्तरः**

निर्देशनानुसार खराब कर्जा नियन्त्रण हेतु असूली टिम परिचालन गर्न व्यवस्थापनलाई निर्देशन दिईसकिएको व्याहोरा अनुरोध छ ।

**निर्देशन नं. ५**

संस्थाको आन्तरिक लेखापरीक्षण र बाह्य लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएका थप अन्य कैफियतहरू पुनः नदोहोरिने गरी सुधार गर्नु हुन ।

**प्रत्युत्तरः**

निर्देशनानुसार आन्तरिक तथा बाह्य लेखापरीक्षक प्रतिवेदनमा औंल्याएका कैफियतहरू सुधार गर्दै लगिएको र आगामी दिनमा त्यस्ता कैफियतहरू पुनः नदोहोरिने गरी कार्य गर्न व्यवस्थापनलाई निर्देशन दिईसकिएको व्यहोरा अनुरोध छ ।

# राष्ट्र उत्थान लघुवित्त वित्तीय संस्था लि.द्वारा संचालित तालिम कार्यक्रमका केही झलकहरू



ईलाका कार्यालय नं. १ हरैंचाद्वारा आयोजित तालिम कार्यक्रमको झलक




ईलाका कार्यालय नं. ६ ओमसतीयाद्वारा आयोजित तालिम कार्यक्रमको झलक




ईलाका कार्यालय नं. ५, मुकाम हेटौंडाद्वारा आयोजित तालिम कार्यक्रमको झलक

# टिपोट

# राष्ट्र उत्थान लघुवित्त वित्तीय संस्था लि.

## व्यवस्थापन समूह



श्री सुधीर प्रसाद लोहनी
कार्यकारी निर्देशक



श्रीमती जया लोहनी
नायव कार्यकारी निर्देशक



श्री जगन्नाथ कुईकेल
सहायक कार्यकारी निर्देशक



श्री सुरेश बोहरा
निर्देशक
प्रशासन, मानव संशाधन तथा तालिम विभाग



श्री हिरण्यबहादुर थापा क्षेत्री
निर्देशक
आन्तरिक लेखापरीक्षण विभाग



श्री नेत्रजंग थापा
निर्देशक
योजना, अनुसन्धान तथा अनुपालना विभाग



श्री पंकज पाण्डे
निर्देशक
वित्त तथा लेखा विभाग



श्री सरोज राज भारती
निर्देशक
सूचना प्रविधि तथा सामान्य सेवा विभाग



श्री पुस्कर मिश्र
निर्देशक
शाखा संचालन कर्जा अनुगमन तथा सुपरिवेक्षण विभाग



श्री खेमराज खतिवडा
निर्देशक
प्रादेशिक कार्यालय तथा ईलाका नं. ७



श्री कौशल किशोर प्रसाद यादव
निर्देशक
कर्जा सुपरिवेक्षण



श्री उत्तम कुमार कार्की
निर्देशक
ईलाका नं. ५



श्री कृष्ण बहादुर बुढाथोकी
निर्देशक
ईलाका नं. ४



श्री रामबाबु शाह
निर्देशक
ईलाका नं. २



श्री गोपाल प्रसाद
निर्देशक
ईलाका नं. १



श्री केशव न्यौपाने
का.वा. निर्देशक
ईलाका नं. ६



श्री प्रमोद गुप्ता
सहायक निर्देशक
ईलाका नं. २(क)



श्री धर्मराज दहाल
सहायक निर्देशक
ईलाका नं. ३

# राष्ट्र उत्थान लघुवित्त वित्तीय संस्था लि.

## शाखा सञ्जाल

### कार्य क्षेत्र: राष्ट्रिय स्तर

### प्रदेश बमोजिमको शाखा संजाल सारांश:

| प्रदेशको नाम | शाखा संख्या | प्रदेशको नाम | शाखा संख्या |
|---|---|---|---|
| प्रदेश १ | १७ | लुम्बिनी प्रदेश | १४ |
| प्रदेश २ | ३० | कर्णाली प्रदेश | २ |
| बाग्मती प्रदेश | १९ | सुदुरपश्चिम प्रदेश | ५ |
| गण्डकी प्रदेश | ७ | जम्मा शाखा संख्या: | ९४ |




**www.rulbsl.com**

A Joint Venture of NeRuDO, Rastriya Banijya Bank Ltd. & Prabhu Bank Ltd.